CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानगुनका कुरा

भाग - ७९

नयराज पन्त अङ्क - ११

(नयराज पन्त स्मृति अङ्क - १)

ज्ञानगुन प्रकाशन

काठमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि व्याकरण पुस्तकालयमा समर्पित

2064/5/18

ज्ञानगुनका कुरा

भाग - ७९

नयराज पन्त अङ्क - ११

(नयराज पन्त स्मृति अङ्क - १)

सम्पादक

शेषराज सिवाकोटी

ज्ञानगुन प्रकाशन

काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक

ज्ञानगुन प्रकाशन
मैतिदेवी, काठमाडौं ।
फोन नं. : ४-४३३६४५

संरक्षक

श्री रूक्मणी राज सिवाकोटी
श्रीमती ओम कुमारी सिवाकोटी
श्री विश्वनाथ ढकाल
श्रीमती सुभद्रा ढकाल

प्रकाशन मिति

२०६० श्रावण २६ गते
(स्व. नयराज पन्तको ९१औं जन्मजयन्ती)

आवरण कला

रवि चालिसे (रमेश विकल)

पत्र व्यवहार ठेगाना

सम्पादक
ज्ञानगुनका कुरा
ग– १/५३, काठ–२
मैतिदेवी, काठमाडौं ।
फोन-४-३३६४५

व्यवस्थापन

सुश्री श्वेता सिवाकोटी
सुश्री पिंकी सिवाकोटी
सुश्री स्वस्तिका सिवाकोटी
श्री अतुश ढकाल
सुश्री गरिमा सिवाकोटी
श्री आशुतोष सिवाकोटी

सर्वाधिकार सम्पादकमा सुरक्षित

('ज्ञानगुनका कुरा' मा प्रकाशित लेखमा व्यक्त धारणा लेखकका निजी हुन् । त्यसमा सम्पादक वा प्रकाशकको सहमति हुनुपर्ने आवश्यकता छैन । प्रकाशित लेखका लागि सम्बन्धित लेखक नै जवाफदेही हुनेछन् । -सम्पादक)

मूल्य रु. २०।–

मुद्रकः– लुप प्रेस, नयाँ बानेश्वर, फोनः ४-७२५८६
email : lusha@mos.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

'ज्ञानगुनका कुरा' को भाग ७९ नयराज पन्त अंक-११ (नयराज पन्त स्मृति अंक-१) पाठकसमक्ष प्रस्तुत गरेका छौं । नयराज पन्तज्यूको ९०औं शुभजन्मोत्सवको उपलक्ष्यमा गत वर्ष २०५९ श्रावण २६ गते हामीले 'ज्ञानगुनका कुरा'को भाग-६९ लाई 'नयराज पन्त ९०औं वर्ष प्रवेशाङ्क' को रूपमा उहाँप्रति शुभेच्छा प्रकट गर्न प्रकाशित गरेका थियौं ॥ त्यसपछि उहाँको ९०औं वर्षभरिमा 'ज्ञानगुनका कुरा'का अरू ५ वटा अंकहरू विद्वान् नयराज पन्त बारेमा प्रकाशित गर्ने योजना मुताबिक २०५९ भदौ १४ गते ज्ञानगुनका कुराको भाग-७०, २०५९ असोज २१ गते भाग ७१ र २०५९ कार्तिक १५ गते भाग-७२ गरी तिनवटा शुभेच्छा अंकहरू प्रकाशित भएपछि २०५९ कार्तिक १८ गते लक्ष्मीपूजाका दिन विद्वद्वरेण्य नयराज पन्तज्यूले यस संसारलाई छाडेर महापरिनिर्वाण लिनुभयो ।

समस्त राष्ट्रभरिमै प्रत्येक नेपालीको घर आगनमा लाखौंलाख दीप प्रज्वलन गै राखेको समयमा ज्ञान र विद्वत्ताको अखण्ड ज्योतिपुञ्ज अप्रत्यासित र आकस्मिक रूपमा निभ्न पुग्यो- समस्त नेपाली बौद्धिक जगत्लाई नै अन्धकारमय बनाउँदै ॥ लक्ष्मीपूजाकै दिन हामी नेपालीले सरस्वतीका वरदपुत्र महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पाएका थियौं भने लक्ष्मीपूजाकै साँझमा सरस्वतीका अर्का वरदपुत्र तथा अनन्य उपासक नयराज पन्तलाई गुमाउन पुग्यौं ।

नेपालमा प्राज्ञिक पुनर्जागरण युगका युगप्रवर्तक, विशिष्ट विद्वान्, सत्यान्वेषी इतिहासकार, मूर्धन्य गणितज्ञ तथा ज्योतिर्विद् स्वनामधन्य नयराज पन्तको महाप्रयाणको यस दुःखद अवसरमा परम श्रद्धेय नयराज पन्तज्यूको स्वर्गीय महान् आत्मामा हार्दिक भावपूर्ण र अश्रुपूर्ण श्रद्धाञ्जलि चढाउंदछौं । उहाँको जीवनकालमा उहाँको सम्मानमा 'ज्ञानगुनका कुरा' का १० वटा अंकहरू प्रकाशित गरेजस्तै उहाँको अवसान पछि पनि उहाँको स्मृतिमा 'ज्ञानगुनका कुरा'का अरू १० वटा अंकहरू प्रकाशित गर्ने योजना राखेका छौं ॥ उहाँको ९१औं जन्मजयन्तीमा सुरु गरेर उहाँको वार्षिक पुण्य तिथिसम्म उहाँसम्बन्धी ५ वटा अंकहरू प्रकाशित गर्नेछौं भने अरू अंकहरू पनि क्रमशः प्रकाशित हुँदै जानेछन् ।

स्व. नयराज पन्तज्यूको ९०औं शुभजन्मोत्सवको शुभ अवसरमा हामीले 'नयराज पन्त शोधवृत्ति' संस्थापित गरेका थियौं भने उहाँको पुण्य स्मृतिमा ९१औं जन्मजयन्तीका अवसरमा 'नयराज पन्त शोध सम्मान' संस्थापना गरेका छौं ।

अन्तमा, नेपालका बौद्धिक विभूति प्रज्ञापुरुष प्रातः स्मरणीय नयराज पन्तज्यूको ९१औं जन्मजयन्तीका अवसरमा उहाँको स्वर्गीय महान् आत्मामा हार्दिक श्रद्धाञ्जलि चढाउँदछु ।

२०६० श्रावण २६ गते
(नयराज पन्तको ९१औं जन्मजयन्ती)
विराटनगर

शेषराज सिम्वाकोटी
सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

क्रम	शीर्षक	लेखक	पृष्ठ
१.	नयराज पन्त : नयराजकै शब्दमा	पुष्कर लोहनी	१
२.	निकटता	कमल दीक्षित	२४
३.	मैले नयराज पन्तलाई चिनेकै छैन	माधवलाल कर्माचार्य	२७
४.	नजन्त : फेरि फर्केर हेर्दा	डा. जगदीशचन्द्र रेग्मी	३०
५.	स्वर्गीय पन्तज्यूमा श्रद्धाञ्जलि	बालकृष्ण पोखरेल	३४
६.	नेपालको इतिहासमा अतिक्रमण गर्ने भारतीय पुराविद्हरूलाई एक्लो नेपाली पं. नयराज पन्तले परास्त गर्छन्	देविचन्द्र श्रेष्ठ	३५

नेपालका विशिष्ट विद्वान्

तथा

विख्यात इतिहासविद् प्रकाण्ड ज्योर्तिविद् तथा उद्भट गणितज्ञ प्रज्ञापुरुष स्वर्गीय नयराज पन्तको ९१ औं जन्मजयन्तीका अवसरमा उहाँप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ ।

सम्पादक शेषराज सिवाकोटी

तथा ज्ञानगुनका कुरा परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयराज पन्त : नयराजकै शब्दमा

पुष्कर लोहनी

बौद्धिक परम्परामा हुर्केर त्यही परम्परागत संस्कारको मान्यतालाई अँगाली आफ्नो विद्वत्ताको विकास गर्ने नयराज पन्त नेपालमा मात्र सीमित नभएर अन्तर्राष्ट्रिय जगत्मा समेत आफ्नो बौद्धिक प्रदर्शन गर्न सफल व्यक्तिमध्येका एक हुन् । हुन त साधारण मध्यमवर्गीय परिवारमा जन्मेका नयराज पन्त डेढ वर्षको उमेरमै पिताविहीन हुन पुगेका थिए । व्याकरणका अध्यापक पं. कृष्णदत्त पन्तको छोरा भए पनि बाबुबिनाका नयराज पन्त आमासहित मावलीमा गई मातामह पं. भुवननाथ पाँडेसँग बस्न थाले । ज्यौतिषका अध्यापक भुवननाथ पाँडेको साथमा रहनुभएका नयराज पन्तले भुवननाथ पाँडेबाट धेरै कुरा सिक्ने मौका पाउनुभयो । नयराज पन्त पिताविहीन हुनुहुन्थ्यो भने भुवनाथ पाँडे पत्नीविहीन हुनुहुन्थ्यो । बाजे र नातिबीचको सम्बन्धले एकअर्कालाई विभिन्न किसिमबाट सघाइरहेको थियो । भुवननाथ पाँडेका "पिता ख. विश्वनाथ पाँडेले कम्यान्डर-इन-चीफ भीमसेन थापाहरूको घरमा पौरोहित्य र सेनामा खरिदारी काम गर्नुभएको थियो । त्यस्तै नयराज पन्तका मातामह भुवननाथ पाँडेको प्रपितामह ख. दैवज्ञ शिरोमणि लक्ष्मीपति पाँडेले राजकुमार बहादुर शाहको पालामा पश्चिमको लडाइँमा दूतको र विजित प्रदेशको बन्दोबस्त गर्ने काम गर्नुभएको थियो ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पृ. १५] एउटा लामो पृष्ठभूमि भएको बौद्धिक संस्कारभित्र दुहुरा नयराज पन्त रगतको नाताले त्यस संस्कारभित्र हुर्कन पाउनु नै दैवको लीला भने पनि हुन्छ । बाजेसँगै सुत्ने र बाजेकै गफमा रमाउने नयराज पन्तले केटाकेटीदेखि नै राजनीतिक घटनाहरूलाई कथाका रूपमा सुन्न पाउनुभएको थियो ।

नयराज पन्तको बौद्धिक व्यक्तित्व बनाउने काममा पं. भुवननाथ पाँडेको ठूलो हात रहेको देखिन्छ । पाँच वर्षको उमेरदेखि नै नयराज पन्तले पं. भुवननाथ पाँडेले पढ्ने गरेका कागतपत्रबारे जानकारी पाउनु र उनैबाट दरबारका घटना तथा राजनीतिबारेको कुरा सुन्न पाउनु कम महत्त्वको कुरा होइन । यस तथ्यलाई नयराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पन्तले यसरी वर्णन गर्नुभएको छ– "मेरो व्रतवन्ध भएको थिएन । म मेरो मातामह पं. भुवननाथ पाँडेको खण्डामनिको एउटा पिर्कामा बसी भात खाइरहेको थिएँ । मेरा मातामह विस्तारसँग खाँदै कुरा गरिरहनुभएको थियो । म रस मानीकन कुरा सुनिरहेको थिएँ । मेरो मातामहले भन्नुभयो–

"शेरबहादुर शाह (श्री ५ रणबहादुरका भाइ) ले श्री ५ रणबहादुर शाहलाई गुप्ती हतियारले हानी मारे । बालनरसिंह (जङ्गबहादुरका बावु) ले शेरबहादुरलाई मारे । भीमसेन थापाले शेरबहादुरका साना-साना केटाकेटीहरूलाई पनि पोडेद्वारा मराए । ती केटाकेटीहरू भन्थे– हामीलाई नमार न नमार, तिमीलाई हामी हाम्रा हातका यी सुनका बाला दिन्छौं । भीमसेन थापाले रामसँग राजकाज गरेका थिए तापनि श्री ५ राजेन्द्रले स्वास्नीहरूका कुरा सुनी भीमसेन थापालाई बिगार्न खोजे । जेठी महारानीका बालक छोरालाई वैद्यद्वारा विष खुवाई भीमसेन थापाले मराए भन्ने झूटो मुद्दा उठ्यो । भीमसेन थापा थुनिए । आफ्नो घर बागदरबारबाट हनुमानढोकामा भीमसेन थापालाई मुद्दाको जाँचबुझका निमित्त खिचापोखरीको बाटेबाट ल्याउँथे । एक दिन सिपाहीहरू टुँडिखेलमा कवायद खेलिरहेका थिए । भीमसेन थापालाई ल्याउन खोज्दा टुँडिखेलको बाटो मलाई लगिदेऊ न भनी उनले भने । यसै भयो । सिपाहीहरूले मेरो दुःख देख्लान् र न्याय बोल्नन् भनी भीमसेन थापाले सम्झेका होलान् । तर भीमसेन थापालाई देखेर पनि सिपाहीहरूले न्याय बोलेनन् । धेरै अपमान भएपछि भीमसेन थापाले आफैं सेरिएर प्राण छाडे । हामीलाई हाम्रा बाले यो कुरा सुनाउनुभएको हो । हाम्रा बा भन्नुहुन्थ्यो– भीमसेन थापाले पहिले अन्यायसँग बालहत्या गरे, पछाडि बालहत्या गरेको झूटो अपवादबाट आफैंले प्राण छोड्नुपऱ्यो ।"
[नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय', पहिलो भाग, पृ. १५-१६]

यस कुराले नयराज पन्तलाई सानो उमेरदेखि नै घटनाहरूले प्रभाव पार्दै ल्याए । मातामहसँगको उठबस एकातिर थियो भने अर्कातिर आफ्नो मनको उकुसमुकुस कसलाई सुनाएर आनन्द लिने भन्ने कुराले सताइरहेको अवस्थामा नातिलाई सुनाउनुसिवाय अर्को विकल्पै थिएन । यही सिलसिलामा नयराज पन्त लेख्नुहुन्छ– "अर्को एक दिन मेरा मातामह र म डसनामा पल्टिरहेका थियौं । मेरो मातामहले भन्नुभयो– उहिले-उहिले मन्त्रीलाई काजी भन्थे । जस्तै काजी दामोदर पाँडे । मन्त्री भीमसेन थापा पनि पहिले काजी नै भएका थिए । पछि जनरल भन्ने दर्जा लिए, त्यसपछि कम्यान्डर-इन-चीफ भन्ने दर्जा लिए । भीमसेन थापा ब्रिग्रेपछि राम्रोसँग राजकाज गर्न कसैले पनि सकेनन् । कान्छा महारानीको आग्रहले भीमसेन थापाका भतिजा माथवरसिंह थापालाई श्री ५ राजेन्द्रले मन्त्री बनाए । माथवरसिंहले प्राइम् मिनिस्टर भन्ने दर्जा लिए । त्यसै बेलादेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राइम् मिनिस्टर भन्ने प्रथा चलेको हो । कान्छा महारानी छोरालाई राजा बनाउन खोज्थिन् । त्यसमा आलटाल गर्दा कान्छा महारानीले जङ्गबहादुरद्वारा माथवरसिंहलाई मराइन् । जङ्गबहादुर माथवरसिंहका साक्षात् भानिज थिए । माथवरसिंह मारिएपछि चौतरिया फत्त्यजङ्ग शाह मुख्य भई जनरल गगनसिंह, जनरल जङ्गबहादुर, जनरल अभिमानसिंह रानासमेत भई राजकाज चल्यो । गगनसिंह कान्छा महारानीका मन परेका थिए । गगनसिंहलाई उनकै घरमा तरबार लिई कसैले मारिदियो । त्यो कुरा सुनेर रिसाई कान्छा महारानी जगल्ट्य फिँजाई हातमा नङ्गा तरबार लिई कोतमा पुगिन् । केही सुसारेहरूले हातमा चिराग लिएका थिए । केही सुसारेले हतियार भिरेका थिए । कोतमा सबैलाई सामेल हुने उर्दी थियो । हाम्रा बा पनि पल्टनमा जागिरे हुनुहुन्थ्यो । त्यस कारण हाम्रा बा पनि कोतमा पुग्नुभएको थियो ।

बीचैमा मैले सोधेँ– "कोतमा पुगेका सबैलाई मारे भन्ने सुनिन्छ । हजुरका बालाई जङ्गबहादुरले के बाहुन भनी छोडिदिए त ?"

मातामहले भन्नुभयो– "किन छोड्दथे, भेट्टाएको भए सिध्याउँथे । हाम्रा बाका भिनाज्यू भूरमण कान्छा महारानीपट्टिका सुब्बा थिए । उनैले हाम्रो बाको कानमा आएर यहाँ बस्नु ठीक छैन भन्ने इसारा दिएछन् । त्यस बेला मानिसहरू राम्रो जम्मा भइसकेका थिएनन् । सिपाहीले घेरा त हालिसकेका थिए । तैपनि कृष्ण पक्षको अँधेरी रात थियो । बत्तीको प्रबन्ध राम्रो थिएन । हाम्रा बाले पिसाब फेर्छु भनी एउटा सिपाहीसँग भन्नुभएछ । फेर्ने भए यहीँ फेर्नुपर्छ, पर जान पाइन्न भनी सिपाहीले भनेछ । हाम्रो बा पनि पिसाब फेर्न भनी चुप लागेर बसी सिपाहीले अर्कोसँग कुरा गर्न लागेको बेलामा यसो मौका पारी कुलेलम भई घर आउनुभएछ । जङ्गबहादुरले मौका भेट्टाई फत्त्यजङ्ग शाह, अभिमानसिंह रानाहरूलाई मारे । बूढाबूढा सरदारहरू बिनाकसूरमा मारिए । हाम्रा जजमानहरू पनि घेरै परे । जङ्गबहादुर प्राइम् मिनिस्टर भए । लगत्तै हाम्रा बाको जागीर खोसियो । केहीपछि कान्छा महारानी पनि धपाइइन् । श्री ५ राजेन्द्र पनि कान्छा महारानीको पछि लागी काशी गए । जङ्गबहादुरलाई झन् मौका मिल्यो । केहीपछि श्री ५ सुरेन्द्रलाई गद्दीमा राखी जङ्गबहादुर हर्ताकर्ता भए । गद्दीको शोभा बढाउनु मात्र श्री ५ सुरेन्द्रको काम भयो । कान्छा महारानीतर्फका छोरा तथा केही मानिससाथ श्री ५ राजेन्द्र काशीबाट फर्केर आउँदा अलौंमा जङ्गबहादुरका जेठानले श्री ५ राजेन्द्रका अनुयायीहरूलाई मारी पिटपाट पारी धपाए । राजकुमार पनि धपाइए । श्री ५ राजेन्द्र ओहोरदोहोर गरिरहेको मैले पनि धेरै पटक देखेथेँ । कुँवर जङ्गबहादुर राणा भए । भीमसेन थापा काठको गजूर भएको छाता ओढ्थे । भीमसेन थापाका स्वास्नीहरूलाई मुखिनी भन्थे । जङ्गबहादुर सुनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पन्तले यसरी वर्णन गर्नुभएको छ– "मेरो व्रतबन्ध भएको थिएन । म मेरो मातामह पं. भुवननाथ पाँडेको खण्डामनिको एउटा पिर्कामा बसी भात खाइरहेको थिएँ । मेरा मातामह विस्तारसँग खाँदै कुरा गरिरहनुभएको थियो । म रस मानीकन कुरा सुनिरहेको थिएँ । मेरो मातामहले भन्नुभयो–

"शेरबहादुर शाह (श्री ५ रणबहादुरका भाइ) ले श्री ५ रणबहादुर शाहलाई गुप्ती हतियारले हानी मारे । बालनरसिंह (जङ्गबहादुरका बाबु) ले शेरबहादुरलाई मारे । भीमसेन थापाले शेरबहादुरका साना-साना केटाकेटीहरूलाई पनि पोडेद्वारा मराए । ती केटाकेटीहरू भन्थे– हामीलाई नमार न नमार, तिमीलाई हामी हाम्रा हातका यी सुनका बाला दिन्छौं । भीमसेन थापाले राम्रैसँग राजकाज गरेका थिए तापनि श्री ५ राजेन्द्रले स्वास्नीहरूका कुरा सुनी भीमसेन थापालाई बिगार्न खोजे । जेठी महारानीका बालक छोरालाई वैद्यद्वारा विष खुवाई भीमसेन थापाले मराए भन्ने झूटो मुद्दा उठ्यो । भीमसेन थापा थुनिए । आफ्नो घर बागदरबारबाट हनुमानढोकामा भीमसेन थापालाई मुद्दाको जाँचबुझका निमित्त खिचापोखरीको बाटोबाट ल्याउँथे । एक दिन सिपाहीहरू टुँडिखेलमा कवायद खेलिरहेका थिए । भीमसेन थापालाई ल्याउन खोज्दा टुँडिखेलको बाटो मलाई लगिदेऊ न भनी उनले भने । यसै भयो । सिपाहीहरूले मेरो दुःख देख्लान् र न्याय बोल्लन् भनी भीमसेन थापाले सम्झेका होलान् । तर भीमसेन थापालाई देखेर पनि सिपाहीहरूले न्याय बोलेनन् । धेरै अपमान भएपछि भीमसेन थापाले आफैं सेरिएर प्राण छाडे । हामीलाई हाम्रा बाले यो कुरा सुनाउनुभएको हो । हाम्रा बा भन्नुहुन्थ्यो– भीमसेन थापाले पहिले अन्यायसँग बालहत्या गरे, पछाडि बालहत्या गरेको झूटो अपवादबाट आफैंले प्राण छोड्नुपऱ्यो ।"
[नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय', पहिलो भाग, पृ. १५-१६]

यस कुराले नयराज पन्तलाई सानो उमेरदेखि नै घटनाहरूले प्रभाव पार्दै ल्याए । मातामहसँगको उठवस एकातिर थियो भने अर्कातिर आफ्नो मनको उकुसमुकुस कसलाई सुनाएर आनन्द लिने भन्ने कुराले सताइरहेको अवस्थामा नातिलाई सुनाउनुसिवाय अर्को विकल्पै थिएन । यही सिलसिलामा नयराज पन्त लेख्नुहुन्छ– "अर्को एक दिन मेरा मातामह र म डसनामा पल्टिरहेका थियौं । मेरो मातामहले भन्नुभयो– उहिले-उहिले मन्त्रीलाई काजी भन्थे । जस्तै काजी दामोदर पाँडे । मन्त्री भीमसेन थापा पनि पहिले काजी नै भएका थिए । पछि जनरल भन्ने दर्जा लिए, त्यसपछि कम्यान्डर-इन-चीफ भन्ने दर्जा लिए । भीमसेन थापा बिग्रेपछि राम्रोसँग राजकाज गर्न कसैले पनि सकेनन् । कान्छा महारानीको आग्रहले भीमसेन थापाका भतिजा माथवरसिंह थापालाई श्री ५ राजेन्द्रले मन्त्री बनाए । माथवरसिंहले प्राइम् मिनिस्टर भन्ने दर्जा लिए । त्यसै बेलादेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राइम् मिनिस्टर भन्ने प्रथा चलेको हो । कान्छा महारानी छोरालाई राजा बनाउन खोज्थिन् । त्यसमा आलटाल गर्दा कान्छा महारानीले जङ्गबहादुरद्वारा माथवरसिंहलाई मराइन् । जङ्गबहादुर माथवरसिंहका साक्षात् भानिज थिए । माथवरसिंह मारिएपछि चौतरिया फत्त्यजङ्ग शाह मुख्य भई जनरल गगनसिंह, जनरल जङ्गबहादुर, जनरल अभिमानसिंह रानासमेत भई राजकाज चल्यो । गगनसिंह कान्छा महारानीका मन परेका थिए । गगनसिंहलाई उनकै घरमा तरबार लिई कसैले मारिदियो । त्यो कुरा सुनेर रिसाई कान्छा महारानी जगल्ट्य फिँजाई हातमा नङ्गा तरवार लिई कोतमा पुगिन् । केही सुसारेहरूले हातमा चिराग लिएका थिए । केही सुसारेले हतियार भिरेका थिए । कोतमा सबैलाई सामेल हुने उर्दी थियो । हाम्रा बा पनि पल्टनमा जागिरे हुनुहुन्थ्यो । त्यस कारण हाम्रा बा पनि कोतमा पुग्नुभएको थियो ।

बीचैमा मैले सोधेँ– "कोतमा पुगेका सबैलाई मारे भन्ने सुनिन्छ । हजुरका बालाई जङ्गबहादुरले के बाहुन भनी छोडिदिए त ?"

मातामहले भन्नुभयो– "किन छोड्दथे, भेट्टाएको भए सिध्याउँथे । हाम्रा बाका भिनाज्यू भूरमण कान्छा महारानीपट्टिका सुब्बा थिए । उनैले हाम्रो बाको कानमा आएर यहाँ बस्नु ठीक छैन भन्ने इसारा दिएछन् । त्यस बेला मानिसहरू राम्रो जम्मा भइसकेका थिएनन् । सिपाहीले घेरा त हालिसकेका थिए । तैपनि कृष्ण पक्षको अँधेरी रात थियो । बत्तीको प्रबन्ध राम्रो थिएन । हाम्रा बाले पिसाब फेर्छु भनी एउटा सिपाहीसँग भन्नुभएछ । फेर्ने भए यहीँ फेर्नुपर्छ, पर जान पाइन्न भनी सिपाहीले भनेछ । हाम्रो बा पनि पिसाब फेर्न भनी चुप लागेर बसी सिपाहीले अर्कोसँग कुरा गर्न लागेको बेलामा यसो मौका पारी कुलेलम भई घर आउनुभएछ । जङ्गबहादुरले मौका भेट्टाई फत्त्यजङ्ग शाह, अभिमानसिंह रानाहरूलाई मारे । बूढाबूढा गरदारहरू बिनाकसूरमा मारिए । हाम्रा जजमानहरू पनि घेरै परे । जङ्गबहादुर प्राइम् मिनिस्टर भए । लगत्तै हाम्रा बाको जागीर खोसियो । केहीपछि कान्छा महारानी पनि धपाइइन् । श्री ५ राजेन्द्र पनि कान्छा महारानीको पछि लागी काशी गए । जङ्गबहादुरलाई झन् मौका मिल्यो । केहीपछि श्री ५ सुरेन्द्रलाई गद्दीमा राखी जङ्गबहादुर हर्ताकर्ता भए । गद्दीको शोभा बढाउनु मात्र श्री ५ सुरेन्द्रको काम भयो । कान्छा महारानीतर्फका छोरा तथा केही मानिससाथ श्री ५ राजेन्द्र काशीबाट फर्केर आउँदा अलौंमा जङ्गबहादुरका जेठानले श्री ५ राजेन्द्रका अनुयायीहरूलाई मारी पिटपाट पारी धपाए । राजकुमार पनि धपाइए । श्री ५ राजेन्द्र ओहोरदोहोर गरिरहेको मैले पनि धेरै पटक देखेथेँ । कुँवर जङ्गबहादुर राणा भए । भीमसेन थापा काठको गजूर भएको छाता ओढ्थे । भीमसेन थापाका स्वास्नीहरूलाई मुखिनी भन्थे । जङ्गबहादुर सुनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गजूर भएको झल्लरीवाला छाता ओढ्ने भई श्री ३ महाराज भए । जङ्गबहादुरका स्वास्नी महारानी भए । जङ्गबहादुरको पालादेखि मन्त्रीहरू श्री ३ महाराज भएका हुन् । श्री ५ राजेन्द्र स्वास्नीको वशमा नपरेका भए उनी पदच्युत हुँदैनथे होलान् तथा उनका सन्तान पनि बन्धनमा पर्दैनथे होलान् भन्ने कुरा त्यस दिन मेरो मनमा पऱ्यो ।

कार्तिक शुक्ल पूर्णिमाको दिन थियो । मेरो मातामह पूजाखण्डमा बसी बेलुकाको आरती सिध्याई ७०७ सूते बत्ती बाली त्रिपुरोत्सव मनाइरहनुभएको थियो । म पूजाखण्डमनि सानो सुकुलमा बसिरहेको थिएँ । सो उत्सव मनाइसकेपछि मातामहले भन्नुभयो– "धीरशमशेरका छोराहरूले आफ्ना ठाहिँला बाबु श्री ३ रणोद्दीपसिंहलाई मारेको आज .... वर्ष पुग्यो । ४२ साल पर्व आजकै दिन भएको हो । दिल्ली जान भनी चार पल्टन पाल हाली टुँडिखेलमा बसेका थिए । वीरशमशेर मुख्य भई दिल्ली जाने भएका थिए । अपूता रणोद्दीपसिंह आफ्ना कान्छा भाइ धीरशमशेरका छोराहरूलाई आफ्ना छोराजस्तो गरी विश्वास गर्थे । अङ्ग्रेजको चिठी आयो भन्ने निहुँ पारी सरासर रणोद्दीपसिंहकहाँ गएर उनलाई धीरशमशेरका छोराहरूले गोली हानी मारे । टुँडिखेलमा पाल हाली बसेका पल्टनको भरले वीरशमशेर श्री ३ महाराज भए । हाम्रो घर त्यस बेला (४२ सालमा) यहाँ (प्यूखामा) थिएन, भीमसेनथानमा थियो । राति ढ्याङ्ढुङ भएको केही थाहै पाएनौं । भोलिपल्ट पो हाम्रा बा नारायणहिटी दरबार (रणोद्दीपसिंहको दरबार) जान भनी बाहिर निस्कनुभएको त दोबाटोमा तोप तेर्स्याएको देख्नुभएछ ।

मैले बीचैमा सोधँ– "हजुरका बालाई राजाको दरबारभित्र जान दिन्थे ?"

मातामहले भन्नुभयो– "उनताका पण्डितको विशेष मान थियो । हाम्रा बा लम्बरी पण्डित हुनुहुन्थ्यो । त्यसैले दरबारको ढोका खुला थियो । जङ्गबहादुरले आफ्नो बल राम्रो जमाइसकेपछि पुराना भारदारहरूका सन्तानलाई शोकै पनि नपार्ने, माथि उक्लन पनि नदिने, आफ्ना आशामुखी बनाइराख्ने नीति लिएका थिए । त्यसैले बहादुर शाहका पालादेखिका मानिसका नाति हुन् तथा आफ्ना मावलीका पुरोहित पनि हुन् भनी हाम्रा बालाई जङ्गबहादुरले आफ्ना बैठकसम्म आउन दिएका थिए । बासँग म पनि कहिलेकहिले जान्थें । जङ्गबहादुर कचहरी लाई रसिलारसिला कुरा गर्थे । दरबारभित्र यताउति जाँदा जङ्गबहादुर बुई चढी हिँड्थे । जङ्गबहादुले आफ्नो दरबारमा पहलमानी अखडा खोलेका थिए । मैले देखेको बेला त जङ्गबहादुर बूढाबूढा भइसकेका थिए । त्यसताका उनी सो अखडामा गई पहलमानहरूलाई यस्तो दाउ हान् उस्तो दाउ हान् भनी कुस्ती खेल्न सिकाउँथे । एक दिन जङ्गबहादुर र हाम्रा बाको यस्तो कुरा भएथ्यो–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जङ्गबहादुर– ए खरदार, तिमीलाई कसले खोसेको हँ ?

हाम्रा बा– (हात जोडेर) ३ सालमा खोसिएको हुँ, महाराज!

जङ्गबहादुर– ल तिमी सुब्बा भयौ । आफ्नो मन लागेको अड्डा छानेर लेऊ ।

हाम्रा बा– (अनकनाएर) अड्डामा जागीर खाएपछि बही बुझाउन नसके छोरानातिलाई पनि पक्राउ आउँछ, जागीर खान नपरे हुन्थ्यो ।

जङ्गबहादुर– दिएको जागीर खाएनौ । के गर्छौ त अब ? नखाए भइगयो ।

मातामहले भन्दै जानुभयो-

घरमा फर्की बाले भन्नुभयो– "रणोद्दीपसिंह मारिएछन् । धीरशमशेरका जेठा छोरा वीरशमशेर श्री ३ महाराज भएछन् । जङ्गबहादुरका जेठा छोरा जगत्जङ्ग र जेठा नाति युद्धप्रतापजङ्ग पनि मारिएछन् । बाँकी रहेका लैनमा पसेछन् । कसैको भागाभाग भएको छ रे । माथवरसिंहलाई जङ्गबहादुरले हानेको गोली ४० वर्षमा फर्केर जङ्गबहादुरका सन्तानकहाँ आइपुगेछ ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पहिलो भाग, पृ. १५-१८]

कच्चा उमेरमै नयराज पन्तले आफ्नो मातामहको सङ्गतबाट नेपालको राजनीति बुझ्ने मौका पाउनुभयो । शुरूदेखि नै पढ्ने र सुनाउने वातावरणमा हुर्कनुभएका नयराज पन्तलाई यस्ता घटनाले एउटा कौतूहलचाहिँ ल्याएको थियो । शक्तिका लागि हानथाप हुँदा नरहत्या हुनु स्वाभाविकै हो । त्यही नरहत्याबाट छुटकारा पाउने केही उपाय छ कि भनेर उहाँ सोचिरहनुहुन्थ्यो ।

मातामहले सुनाउनुभएको घटनाले एउटा सामान्य तरीकाद्वारा इतिहास बुझ्नुभयो भने अर्कातिर मातामहले पढिरहने किताब, पुराना कागतपत्र र घटनाहरू सुन्दै र सुनाउँदै परम्पराले नयराज पन्तलाई सानै उमेरमा परिपक्वता ल्यायो- पढ्नुपर्ने र खोजी गर्ने कुरामा । पुराना कागतपत्रको महत्त्व बुझ्नुभयो । राणाकालिक सत्य घटना र दाउपेचको इतिहास सुन्दासुन्दै र मातामहद्वारा प्राप्त ज्ञानका आधारमा नयराज पन्तको उमेर पनि बढ्दै गयो । यसै सिलसिलामा नयराज पन्तको हातमा 'भारतवर्षको इतिहास' पर्छ । त्यस बेला उहाँको उमेर केवल १५ वर्षको हुँदो हो । त्यसैले नयराज पन्त लेख्नुहुन्छ– "त्यसमा भारतीयहरूको निन्दा र ब्रिटेनी साम्राज्यको प्रशस्त प्रशंसा थियो । त्यस पुस्तकको सारांश ब्रिटेनी साम्राज्यको विषयमा–

स्वर्गीय शासनविषे तिमी आज आयौ

सौभाग्यले सुदिन देखन बल्ल पायौ । कविशिरोमणि लेखनाथको 'सत्यकलि संवाद' को श्लोक (२९७) को जस्तै थियो । त्यसले मेरो मनमा ठूलो चोट पाऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सतलजलसम्म पुगेको हाम्रो राज्यलाई जुन शत्रुले खोसेर खायो, उही शत्रुको यस्तो प्रशंसा भन्ने कुरा मेरो मनमा बराबर खेल्न थाल्यो । यिनैताका श्री ५ पृथ्वीनारायण शाहका जेठा छोराको नाम प्रतापसिंह हो वा सिंहप्रताप हो भन्ने विषयमा मेरा मातामहले विचार गर्न लाग्नुभयो । त्यसका लागि उहाँले लालमोहर, तामापत्र, टकहरू हेर्न थाल्नुभयो । त्यही प्रसङ्गमा वसन्तपुरको शिलालेख उहाँका आँखामा परेछ । 'पुरश्चर्यार्णव' पुस्तक पनि उहाँ बराबर हेर्नुहुन्थ्यो । यी सबबाट उहाँले शुद्धनाम प्रतापसिंह भनी निर्णय गर्नुभयो । यही प्रसङ्गमा उहाँसँग केही पुराना टक जम्मा भए । मल्लकालका टकहरू पनि त्यसमा निकै थिए । यताबाट पुराना पुस्तक, टक, ताम्रपत्र, शिलापत्र, लालमोहरहरूबाट पुराना कुरा ठीकसँग पत्ता पाइँदारहेछन् भन्ने कुरा मेरो मनमा जम्यो ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पहिलो भाग, पृ. १९-२०]

१८ वर्षको उमेरभित्र नयराज पन्तले आफ्ना मातामहको बौद्धिक वातावरणबाट केकति ज्ञान हासिल गरे भन्ने कुरा आफ्नै ठाउँमा छ । तर मूलभूत रूपमा अनुसन्धान गर्नुपर्दा र तथ्यलाई सत्यमा परिणत गर्नुपर्दा केके कुरा चाहिँदारहेछन्, केकेका आधारमा पुष्ट्याइँ गर्न सकिँदोरहेछ भन्ने कुरा आफ्ना मातामहसँगको उठबसका आधारमा बुझ्ने मौका चाहिँ पाए । शिक्षा दिने र शिक्षा लिनेबीचको वातावरणलाई अध्ययन गरेका खण्डमा वास्तविकताको परिचय आफै हुन्छ । स्वाभाविक तरीका बुझाउन खोजेको अवस्था र स्वाभाविक ढङ्गले बुझ्न खोजेको क्षणले राष्ट्रलाई केकस्तो कुरा दिन सक्दोरहेछ भन्ने कुरा नयराज पन्तको अभिलाषा, उत्साह, जागरुकता, अध्ययन तथा अडानले देखाइदियो ।

१९ वर्ष (वि.सं. १९८९) को उमेरमा काशी गएर नयराज पन्तले ज्यौतिष पढ्न थाल्नुभयो । उहाँलाई पढाउने गुरु पं. पद्माकर द्विवेदीलाई पनि अनुसन्धानमा शौख रहेछ । पढाइका साथसाथै पुरातत्त्व विषयमा पनि कुराकानी हुने गर्दा नयराज पन्तलाई झन् सजिलो भयो । मातामहको बौद्धिक वातावरणबाट प्रभावित हुनुभएका नयराज पन्त पं. पद्माकर द्विवेदीबाट पाएको आत्मीयताबारे लेख्नुहुन्छ– "म अत्यन्त जिज्ञासाले ती कुरा कोट्याई-कोट्याई सुन्थें । यसबाट मेरा पाठेसाथीहरू उराठ हुन्थे । म डेरामा आई ती कुरा लेखेर राख्थें । मेरो डेराबाट गुरुको घर १ कोसभन्दा बढ्ता टाढा पर्थ्यो । प्रायः विदाको दिन पनि म गुरुको घर गई केही न केही पुराना कुरा सिकेर आउँथें । गुरु पं. पद्माकरजी विद्यार्थीहरूसँग मित्रताको व्यवहार गर्नुहुन्थ्यो । चाकरिया मनोवृत्तिको उहाँ अत्यन्त निन्दा गर्नुहुन्थ्यो । यसै बेलादेखि इतिहास विषयका पाइने पुस्तकहरू खोजेर हेर्न लागें ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पहिलो भाग, पृ. २०]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा जवान केटाका रूपमा देखा पर्नुभएका नयराज पन्तले २५ वर्ष (वि.सं. १९९५) को उमेरमा डिग्री मात्र लिएर होइन, एउटा बौद्धिक व्यक्तित्व लिएर काशीबाट काठमाडौँ आउनुभयो । पुरातात्त्विक विषयका ज्ञाता, इतिहासका व्याख्याता तथा अनुसन्धानकर्ताका रूपमा आफूलाई उभ्याउने क्रममा इतिहासशिरोमणि बाबुराम आचार्यसित पनि उहाँको सम्पर्क भयो । नयराज पन्तका मातामह पं. भुवननाथ पाँडेको माहिला गुरुज्यू हेमराज शर्मासँग घनिष्ठ सम्बन्ध भएकाले नयराज पन्तको माहिला गुरुज्यूसँग परिचय हुनु कुनै नौलो कुरो नै भएन । पं. भुवननाथ पाँडेले आफ्नो नातिको परिचय गराएपछि हेमराज शर्माले आफूलाई भनेको नयराज पन्त यसरी लेख्नुहुन्छ– "काश्यपसंहिताको सम्पादन मैले गरेँ । अब म यस्तै गरी सुमतितन्त्र (ज्यौतिषको ग्रन्थ) को सम्पादन गर्छु । यसमा तिमीले काम गर्नू । तिम्रा बाजेको भर म पर्छु, तिम्रो भर म पर्दिनँ । तिमीले काम गरी मलाई विश्वास पार्नुपर्छ । काम गर्दा एउटा मात्र हेरी काम गर्नु हुँदैन । त्यस विषयका धेरै पुस्तक हेरी निर्णय गर्नुपर्छ ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पहिलो भाग, पृ. २५]

हेमराज शर्माले विश्वास गर्नु, सोमनाथ पौडेलले सिफारिश गर्नु र बाबुराम आचार्यहरूजस्ताले नयराज पन्तको बौद्धिकता र लगनशीलता स्वीकार्नु नै उहाँका लागि ठूलो कुरा हुन पुग्यो । नयराज पन्त अनुसन्धानमा लाग्न थाल्नुभयो । सबैले नयराज पन्तलाई उहाँको योग्यता र मातामहको बौद्धिक वातावरणलाई कदर गर्न थाले । मातामहको प्रभाव नयराज पन्तमा परेको हुनाले नै त्यही स्वभाव नयराज पन्तमा पनि आएको थियो । कामै गरेर बस्ने प्रवृत्तिले गर्दा नयराज पन्तले पनि आफ्नो अमूल्य समयलाई पढ्ने तथा सही रूपले अध्ययन गर्नपट्टि लगाएको हुनाले नै पाका विद्वान्हरूले उहाँमाथि आशा राखेका हुन् ।

पढाइ सिध्याएर आएपछि अभिलेखहरू सङ्ग्रह गर्ने र त्यसको अर्थसहित पुस्तक लेख्ने काममा लाग्नुभएका नयराज पन्तको काममा बाबुराम आचार्यले पनि रुचि राख्न थाल्नुभयो । पाठशाला बन्दोबस्त अड्डा, घण्टाघरमा बाबुराम आचार्यको अड्डा थियो । यी दुईबीचमा घनिष्ठता बढ्दै गयो । जाने-आउने तथा भेटघाट गर्ने क्रम चली नै रह्यो । त्यस्तै भारतीय विद्वान्हरूलाई किताब हेर्न दिने कि नदिने कुरामा चर्चा चल्दा रुद्रराज पाण्डेसँग नयराज पन्तको चिनाजानी भयो । त्यही आधारमा गुठी अड्डामा रहेका इतिहास विषयलाई काम लाग्ने कागतपत्रहरू हेर्ने र सार्ने मौका नयराज पन्तले पाउनुभयो । पढ्ने, अध्ययन गर्ने र सार्ने काममा लाग्दा नयराज पन्त ज्यादै व्यस्त हुनुभयो । त्यो व्यस्तताले गर्दा मातामहबाट टाढा हुँदै जाँदा मातामहबाट दिनभर त कहाँ जान्छस् भन्ने कुरा उठाइएपछि नयराज पन्तले सत्य कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताउनुपऱ्यो । नयराज पन्तको कुरा सुनेपछि मातामह पं. भुवननाथ पाँडेले भन्नुभएको कुरालाई नयराज पन्तले यसरी लेख्नुभएको छ– "उसो भए रुद्रराजको कारिन्दा भई तँ काम गर्न लागेको रहिछस् । यो कुरा गुरुज्यू (नायब बडागुरुज्यू हेमराज पण्डितज्यू) र तेरा ससुरा (गुरुपुरोहित जनकराज पण्डितज्यू) ले थाहा पाए भने रिसाउलान्, यो राम्रो काम होइन भनी मातामहले भन्नुभयो । खूप अन्वेषण गर्न लागिरहेछु भनी मेरो मनमा उत्साह भरिइरहेको थियो । यस कारण मातामहबाट यस्तो कुरा सुन्नुपर्ला भरेर चिताएको पनि थिइनँ । यस्तो कुरा सुन्दा मलाई एकतमासको लाग्यो तर मैले केही बोलिनँ । म साबिकबमोजिम काम गर्दै गएँ । मातामहले पनि नगर् भनी फेरि भन्नुभएन । यस प्रकार ६ महीना वित्यो ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पृ. २९]

पढाइ सिध्याएर आएपछि कत्ति न राम्रो काम गरुँला भन्ने इच्छा र आकाङ्क्षा लिनुभएका नयराज पन्तको जीवनमा विभिन्न किसिमका व्यक्तिहरूसित परिचय एकातिर भयो भने अर्कातिर आफ्नै मातामह पं. भुवननाथ पाँडेले मन नपराउनुभएका व्यक्तिको कुरा मानेर काम गर्दा मातामहको असन्तुष्टिले नयराज पन्तलाई पनि कस्तोकस्तो बनाउन पुग्यो । रुद्रराज पाण्डे र हेमराज शर्माको च्यापमा च्यापिन पुग्नुभएका नयराज पन्तले आफ्नो वास्तविकतालाई यसरी लेख्नुभएको छ–

"भाषानुवाद-परिषद्मा एक ठाउँ खाली छ । त्यहाँ ग्रन्थ बनाउने काम गर्नुपर्छ । तपाईं खानुहुन्छ भने म मिलाइदिन्छु भनी रुद्रराजजीले मलाई भन्नुभयो । मैले खान मञ्जूर गरेँ । यसको केही दिनपछि जसहिबसँग मैले बिन्ती चढाइदिएको छु, तपाईं एकबाजि जसहिबको ढोकामा गई बिन्ती चढाउनुहोस् भनी रुद्रराजले मलाई भन्नुभयो । म बबरमहलको ढोकामा गएँ । एक घण्टाजति कुहीं मृगेन्द्रशमशेर जसहिबकहाँ हाजिर पुऱ्याए । बङ्गलामा बोलावट भयो । मैले आफ्नो कुरा गरेँ । तिमीलाई भाषानुवाद-परिषद्मा मिलाइदिएको छु, उहीं गई काम गर भनी जसहिबबाट आज्ञा भयो । जसहिब र मेरो राम्रो दोहरो कुरा भएको पहिलो पटक यही थियो । तिमीलाई गुरुज्यूले जागीर किन दिनुभएन त भनी जसहिबले सोध्नुभयो । मैले यो कुरा मलाई थाहा छैन भनी भनेँ ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पृ. २९]

वि.सं. १९९७ मङ्सीरदेखि नयराज पन्तले भाषानुवाद-परिषद्मा काम गर्न थाल्नुभयो । काम गर्न थालेदेखि नै उहाँको जीवनमा सङ्घर्ष नै सङ्घर्ष गर्नुपर्ने योग परेका कुरा वि.सं. १९९७ देखि नमरुञ्ज्याल नै रह्यो । त्यत्रो ठूलो विद्वान् तथा शासनमा समेत राम्रो पकड भएका मातामह पं. भुवननाथ पाँडेका नाति नयराज पन्तले राजनीति र कूटनीतिबाट अलग्गिएर एउटा स्वस्थ बौद्धिक वातावरण तयार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्न खोज्दा त्यस बेलाका शासकहरूले किन नयराज पन्तजस्तो एउटा बौद्धिक अभिलाषा लिएर देखा परेको युवकलाई बलिको बोको बनाउन खोजे त्यो नै रहस्यमय र अनुसन्धानको विषय बन्न पुगेको छ । शुरूको जुन वातावरणले नयराज नयराज पन्तलाई अप्ठ्यारोमा पारेको थियो त्यही वातावरणका अगुवाहरू र तिनैका मतियारहरूले नयराज पन्तको पाइला-पाइलामा अवरोध खडा गर्दै मानसिक तनाव दिन पछि परेनन् । रुद्रराज पाण्डे र मृगेन्द्रशमशेरको सहमतिमा भाषानुवाद-परिषद्मा जागिर पाउनुभएका नयराज पन्तले जागीर पाएको केही दिनकै घटनालाई यसरी व्यक्त गर्नुभएको छ– "म भाषानुवाद-परिषद्मा गएको केही दिनपछि नायव बडागुरुज्यूकहाँबाट मेरा मातामहलाई बोलावट आयो । तिम्रो नातिलाई मैले पाठशालामा मिलाइदिएको छु, चालीसदेखि साठीसम्म जागीर हुन्छ, पठाइदेऊ भनी गुरुज्यूले भन्नुभएछ । नाति अहिले समितितिर गएको छ भनी मातामहले भन्नुभएछ । उता गएर के भो त ? पठाइदेऊ भनी गुरुज्यूले आज्ञा गर्नुभएछ । मञ्जूर गरी मातामह फर्कनुभएछ । त्यस बेला म भाषानुवाद-परिषद्मा महीनाको ५० रुपिया पाउँथें । मातामहले भन्नुभएको कुरा मैले पुष्करशमशेरज्यूसँग गरें । पुष्करशमशेरज्यूले तिमीले पाठशालामा पाउने कुरा म यहीँ मिलाइदिन्छु, सकेदेखि बढ्ता पनि होला, त्यतिभन्दा त अवश्य घट्तैन, तिमी यहीँ बस भनी भन्नुभयो । पुष्करशमशेरसँग गरेको काम मेरो रुचिअनुसारको थियो । कवि बालकृष्णशमशेरज्यूको वाक्चातुरीले पनि मलाई आनन्द दिलाउँथ्यो । यस कारण भाषानुवाद-परिषद्मै बस्न पाए हुन्थ्यो भनेजस्तो मलाई लाग्यो । सो कुरा एकपल्ट मातामहसँग यसो गरिहेरें । पाठशालामा जागीर खाने भए खा, नभए मेरो सङ्कल्प छोडिदे भनी मातामहले भन्नुभयो । यस्तो बोल्दा पूरा ७७ वर्ष पुगिसक्नुभएका मातामहलाई भित्र पीडा भएको जस्तो मलाई अनुभव भयो । मातामहले मसँग जीवनमा यस्तो कडा वचन कहिल्यै बोल्नुभएको थिएन । त्यसपछि मैले केही बोलिनँ । पुष्करशमशेरज्यूकहाँ गई म मातामहको आज्ञा नाघ्न सक्तिनँ भनी भनें । वि.सं. १९९७ माघमा मीनपचासको बिदामै नागार्जुनमा श्री ३ जुद्धको दर्शन गरी म रानीपोखरी-संस्कृत पाठशालाको पण्डित भएँ ।" [नयराज पन्त, 'इतिहास-संशोधनको प्रमाण-प्रमेय,' पहिलो भाग, पृ. ३१]

मातामहको आज्ञालाई शिरोपर गरी उहाँले भनेजस्तो पण्डितमा जागीर खान पुग्नुभए पनि बिहान-बेलुकाको समयमा पुष्करशमशेर, रुद्रराज पाण्डे र हेमराज शर्माहरूको काम पनि नयराज पन्तले चित्त बुझाएर गरिदिनुहुन्थ्यो । मातामह पं. भुवननाथ पाँडे माहिला गुरुज्यू हेमराजज्यूको आश्रयमा बस्नुभएकाले हेमराजले पनि नयराज पन्तलाई आफ्नो पक्षमा तान्न सफल भएको देखिन्छ । त्यस बेला तलब थोरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए पनि राजदरबारबाट पाइने दान प्रदान नै मुख्य वृत्तिका रूपमा हुन्थ्यो । माहिला गुरुज्यू हेमराजको निर्देशनअनुसार पञ्चाङ्ग-संशोधनको ज्यौतिष विषयको काम पं. भुवननाथ पाँडेबाट हुन्थ्यो । वि.सं. २००० मा पं. भुवननाथ पाँडेको स्वर्गवास भएपछि माहिला गुरुज्यूले नयराज पन्तलाई पठाउनुभएको पत्रबाट सबै कुरा यसरी स्पष्ट हुन्छ–

"अमलेखगञ्ज

२००० पौष २९

पण्डित नयराज पन्तके नमस्कार,

पण्डित भुवननाथ पाँडेले अकस्मात् देहत्याग गरेको खबरले तिमीहरूलाई मात्र होइन मलाई पनि अत्यन्त अपसोस लाग्यो. पुरानो कुरा जान्ने, वयोवृद्ध असल ज्योतिषी थिए. वडो भरपर्दो काम गर्दथे. मलाई पनि बखत-बखतमा धेरै मदत गरेका थिए. प्रतिवर्षको पञ्चाङ्ग हेर्ने-सोध्ने काममा त धेरैजसो उनैको साहारा थियो. के लाग्दोरहेछ, दैवको लाठो सहनैपर्दोरहेछ. ८१ वर्षको उमेर पुगी आफ्नो धर्मकर्ममा निरन्तर लागी तिमीहरूजस्ता छोरा-नाति छोडी गएकोले उनको असल गति हुने कुरामा त सन्देह छैन. तिमीहरूले पनि उनको मार्गबाट हिँड्नाले इहलोक परलोकमा कल्याणै हुनेछ. उनी गए ता पनि तिमीहरूबाट पूरा मदत पाउँला भन्ने मलाई पनि पूरा विश्वास छ. दैवले पारेको कुरामा आफ्नो देहलाई ज्यादा चिन्तामग्न गराइराख्ता अब हानिशिवाय केही नपाइने हुनाले धैर्य धारण गरी शोकलाई पातलो पार्दै लैजान्ये छौ भन्ने पूरा मलाई विश्वास छ.

तिमीहरूलाई परेको दुःखले दुःखी–

हेमराज शर्मा"

[नयराज पन्त 'पूर्णिमा', वर्ष ५, अङ्क ३, २०२५, पृ. २२६]

पं. भुवननाथ पाँडेसँगको सम्बन्ध कस्तो थियो र उनका नाति नयराज पन्तप्रति हेमराज शर्माको आस्था र विश्वास कस्तो थियो भन्ने कुरा हेमराज शर्माको पत्रले स्पष्ट पारेको छ । मातामहको मृत्युपछि एक्ला हुन पुग्नुभएका नयराज पन्तले आफ्नो बौद्धिकतालाई इमानदारीसाथ अगाडि बढाउँदै जानुभयो । उहाँको उदारतालाई टेवा दिनु सट्टा उल्टे आफ्नैले र आफैंलाई पहिले सहयोग गर्नेले समेत नराम्रो दृष्टिले हेर्न थाले । गुरुपुरोहित जनकराज पण्डितज्यू नयराज पन्तको ससुरा हुनुहुन्थ्यो । ससुरा जनकराजबारे नयराज पन्त लेख्नुहुन्छ–

"मेरा ससुरा गुरुपुरोहित जनकराज पण्डितज्यूको घरमा उहाँको आग्रहले वि.सं. १९९७ मा मैले सप्ताह बाँचेथें । मेरो जीवनमा मैले बाँचेको पहिलो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछिल्लो सप्ताह पनि त्यही हो भन्ने मैले सम्झेको छु । मेरा ससुराको अनुग्रहले मैले नारायणहिटी राजदरबारमा सामान्य ब्राह्मणको हैसियतले कर्मकाण्डका केही काम गरेको छु । परन्तु त्यस काममा आफूलाई अनुपयुक्त सम्झी वि.सं. २००३ देखि सो काम मैले चटक्कै छाडें । यसो गर्दा जनकराजज्यूले मलाई उद्धत सम्झनुभयो । [नयराज पन्त, 'रूपरेखा', वर्ष १४, अङ्क १२, पूर्णाङ्क १५६, २०३१, पृ. ...]

एउटा बौद्धिक व्यक्तिलाई झन् त्यसमाथि आफ्नो जुवाइँलाई त्यस बेलाका शक्तिशाली शासकका मतियारहरूले कसरी व्यक्तित्वको पतनका लागि उसको स्वतन्त्रतालाई दासत्वमा परिवर्तन गराउन सक्दारहेछन् र खोज्दारहेछन् भन्ने कुराको तथ्य माथिका उद्गारबाट स्पष्ट हुन गएको छ । त्यस्तै एउटा टिपोट वि.सं. २०५१ चैत्र २२ गते दिनेशराज पन्तसँगको कुराकानीमा मैले यस्तो लेखेको रहेछु–

"नयराज पन्तको बौद्धिक परम्परामा उनको मामाघरका बाजेको ठूलो प्रभाव परेको छ । सत्य पक्षमा अडान लिने र बौद्धिक तर्कलाई स्वीकार गर्ने उनको मूल मन्त्र थियो । ज्यौतिषसम्बन्धी ज्ञान नयराज पन्तमा थियो । उनले दिएको साइतमा कसैले तर्क दिएर खण्डन गरेमा उनी बहस गर्न तयार थिए । तर आफूलाई अपमानित गर्ने प्रवृत्ति लिएकाहरूलाई उनी वास्ता गर्दैनथे । आफूले बोलेको, भनेको र लेखेको कुरामा अडान लिँदा नातागोता र शक्तिशालीहरूसँग पनि डराउँदैनथे । उनलाई कुनै भौतिक उपलब्धिमाथि मोह थिएन । उनको सबभन्दा ठूलो कमजोरी कसैले केही भन्न आएमा तुरुन्तै विश्वास गर्ने र हार्न नसक्ने बानी । त्यही कमजोरीबाट धेरैले आफ्नो व्यक्तिगत स्वार्थ त पूरा गरे तर पछि त्यसको असर कस्तो पर्छ भन्नेतर्फ विचारै गरेनन् । कुरैकुरामा दिनेशराज पन्तले भन्नुभयो– मेरो बुबा (नयराज पन्त) जनकराज पण्डितका जुवाइँ हुन् । अरू जुवाइँजस्तो ससुराको आशा लिने व्यक्ति उहाँ हुनुहुन्थेन । कहिलेकहीँ जनकराजले पिताजीलाई विभिन्न कुरामा साइत हेरिदिन कर गर्थे । जुवाइँले दिएको साइतमा भन्दा अरू पण्डितले दिएको साइतमा आफूलाई सजिलो र सरल हुने हुनाले जनकराज पण्डितज्यू त्यसैमा विश्वास गर्थे । एक दिन जनकराजले नयराजलाई तिमीले दिएको साइत बिग्रेछ र मैले अर्कै साइतमा गरेँ भने । नयराज पन्तले पनि आफ्ना ससुरा जनकराज पण्डितज्यूलाई भित्ता पुग्ने गरी जवाफ दिनुभएछ- त्यसैले त यस विद्यामा अवनति शुरू हुन थालेको हो । पहिलेका मान्छे विद्यालाई महत्त्व दिन्थे । शास्त्रमा बताएबमोजिम काम गर्थे । हजूरका बाजेहरू शास्त्रबमोजिम लागेकाले उन्नतिको शिखरमा पुगे, धन, मान, इज्जत प्रतिष्ठा पाए । तर सतहीमा ओर्लंदा र विद्याप्रति लगाव नहुँदा आज यो गतिमा पुग्नुभएको छ । धन, इज्जत, विद्या, प्रभाव आदि सबै कुरामा राम्रो पर्नु त्यही कारण हो । अध्ययनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वास जगाउँछ र नैतिकताको पाठ सिकाउँछ । जनकराजलाई कसले इज्जत गर्छ ? खालि धुत्ले काम मात्र अरूबाट भइरहेछ । जुवाइँ नयराज पन्तको कुरा सुनेर जनकराज जिल्ल परेका थिए रे । त्यस दिनदेखि उनले आफ्नो कमजोरी बुझेर नयराज पन्तमाथिको धारणा नै बदल्न पुग्नुपरेको थियो ।"

बौद्धिक व्यक्तित्वले सबै कुरा पाइन्छ र त्यो दिगो पनि हुन्छ । टापटिपेहरूको जञ्जालभित्र रमाउन खोज्ने र आफ्नो पदीय संस्कारलाई बिर्सेर अलमलिन खोज्नेहरूले अरूलाई पनि अलमलाउन खोज्छन् र त्यस्तै वातावरणमा घचेडिदिन्छन् । नयराज पन्तको आफ्नै पन थियो- त्यो पनलाई उनले जिन्दगीभर बिर्सेनन् । अध्ययन र तर्कका आधारमा उनी जे लेख्थे, जे बोल्थे त्यो अकाट्य हुन्थ्यो । त्यही अकाट्य नै उनको पन हो । त्यो कठिनतालाई जो पायो उसले स्वीकार्न गाह्रै पर्थ्यो । काम-चलाउ संस्करणमा अलमलिएकाले कर्मकाण्डीय प्रवृत्तिलाई नअँगाली सुखै पनि थिएन । त्यही बाध्यतालाई जोगाउन अरूलाई धकेल्नु पनि स्वाभाविकै हो । त्यस्तै एउटा टिपोट मेरो कापीमा छ– नयराज पन्त र राधानाथ लोहनीबारेको । पं. भुवननाथ पाँडेका दुई छोरीमध्ये एउटी छोरी नयराज पन्तकी आमा र अर्की छोरी रामजी तिवारीकी आमा । रामजी तिवारीकी आमा नयराज पन्तकी सानिमा हुन् । राधानाथ लोहनी नयराज पन्तकी सानिमाका जुवाइँको नाताले नयराज पन्त र राधानाथ लोहनीबीच राम्रो सम्बन्ध हुनु स्वाभाविकै हो । पं. भुवननाथ पाँडेको शिक्षा-दीक्षा र आफ्नो स्वाध्ययनबाट खारिएका र आफ्नो तर्कमा अलिकति पनि नडग्ने उनको स्वभावलाई सबैले बुझेका थिए । वास्ता नगरेर महत्त्व नदिए पनि नयराज पन्तको धारणा बुझ्नचाहिँ सबै इच्छुक हुन्थे । मोहनशमशेरबारेको घटनाले पनि काठमाडौँको कुमाई समाजमा एकपल्ट ठूलो आँधी मच्चिएको थियो । मोहनशमशेरलाई साइत दिने र साइत हेर्नेको कुनै कमी थिएन । चापलुसीबाजहरूले मौका हेरी साइत निकाल्थे । एकपल्ट मोहनशमशेरले नेपालका ज्यौतिषीहरूको लिखित राय मागेका थिए । सबैले आ-आफ्नो किसिमले आफ्नो राय पेश पनि गरे । यसै सिलसिलामा एक दिन मोहनशमशेरको दरबारमा ज्यौतिषीहरू बोलाएर छलफल गरियो । त्यही बेला मोहनशमशेरले नयराज पन्तलाई सोधे– तिमीले साइत किन नदिएको ? त्यहाँ ठूलो खलबल मच्चियो । आफूले लेखेर साइत दिइसकेको कुरा नयराज पन्तले भनेपछि त झन् हलचल नै मच्चियो । नयराज पन्तको फाइल खोजियो । र मगाइयो । त्यस काण्डले के रूप लिने हो भन्ने कुरा कसैले भन्न सक्ने अवस्थै थिएन । बेलुका राधानाथ लोहनीकी स्वास्नी आएर नयराज पन्तसँग रुन थालिन् । नयराज पन्तले राधानाथ लोहनीको जागीर खाइदिन लाग्यो भन्ने हल्ला खूब मच्चियो कुमाईहरूबीच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्ष-विपक्ष खूब चल्न थाल्यो । कसैलाई सपार्ने र बिगार्ने भन्ने कुरामा उनलाई कुनै चासो थिएन । केवल सत्य कुरा बाहिर आवोस् भन्ने कुरामा मात्र उनलाई चासो थियो । एक से एक घमन्डी ज्यौतिषीहरू कुमाईमा नभएका होइनन् तर नयराज पन्तले निःस्वार्थी भएर पदलोलुपता तथा द्रव्यपिशाचको घेराभित्र रमाउन भने चाहेनन् । सत्यलाई लुकाउनेहरू सधैँ त्रासमा हुन्छन् । नयराज पन्त कसैको मोहमा फसेनन् । जे छ सत्य बोलिदिए- लेखेर दिए । शास्त्रार्थ गर्न जस्तोसुकै परिस्थितिमा पनि कम्मरै कसे । काण्डैकाण्ड र घटनैघटनाबाट प्राप्त ज्ञानका आधारमा व्यक्तित्व बनाउन पुग्नुभएका नयराज पन्त पनि काण्ड र घटनाबाट अलग्गिन सक्नुभएन । पढाएर खान्छु भन्दा पनि त्यहाँ विभिन्न किसिमका झमेला उहाँको जीवनमा देखा परे । प्राध्यापकीय जीवन शुरू गरेपछिको घटनालाई नयराज पन्तले यसरी लेख्नुभएको छ–

"वि.सं. १९९७ को अन्त्यदेखि म रानीपोखरी संस्कृत पाठशालामा पढाउन लागेँ । म सत्ताइस् वर्षको अनुभवहीन जोशिलो युवक थिएँ । त्यस बेला सोमनाथ गुरु आफ्नी जेठी गृहिणीको आशौचमा हुनुहुन्थ्यो । उहाँको मनमा नानाथरीका उद्वेग हुँदा हुन् । त्यस बेला यहाँका सबैजसा विद्यार्थीहरू व्याकरण पढ्ने धुनमा थिए । अरू विषय पढ्न चाहने विद्यार्थी बहुतै कम थिए । परन्तु अधिकारीहरूको नीतिचाहिँ व्याकरण, साहित्य, न्याय, ज्यौतिष, वेद सबै विषयको पढाइ समान रूपले चलोस् भन्ने भएछ । यस कारण गोला हाली बराबर विद्यार्थी बाँड्ने चलन भएको रहेछ । गोला हाली ज्यौतिष पढ्न मंकहाँ आउने विद्यार्थी निकै भए । तिनमा कसैले त खुरुखुरु ज्यौतिष पढे, कोही पढ्दैनौँ भनी रुन कराउन लागे । त्यस्तैमा पूर्वका एउटा विद्यार्थी जरो आएर मरी पनि गए । मैले विद्यार्थीहरूलाई पढ्छौं भने पढ, पढ्दैनौ भने नपढ भनी भनेँ । यसको असर अन्त पनि परेछ । त्यस वर्ष साहित्य मध्यमाको प्रथम वर्ष पढाउने पं. बद्रीनाथ अधिकारी हुनुहुन्थ्यो । बद्रीनाथजी प्रधानाध्यापकको कार्यालयको काम गर्ने हुनाले सोमनाथ गुरुका हजुरिया हुनुहुन्थ्यो । बद्रीनाथजीका विद्यार्थीले पनि हामी साहित्य पढ्दैनौँ भनी भनेछन् । बद्रीनाथजीले गोलामा परेपछि तिमीहरूले पढ्नैपर्छ भन्नुभएछ । मकहाँबाट ज्यौतिष नपढी अरू विषय पढ्न गएका विद्यार्थीको उदाहरण उनीहरूले दिएछन् । तिनीहरूले पनि छोड्न पाउँदैनन् भनी बद्रीनाथजीले भन्नुभएछ र टहलुवा गम्भीर मगरद्वारा तिनीहरूलाई समाती आफ्नो साथ लिई बद्रीनाथजी मकहाँ आउनुभयो । तपाईंले यिनीहरूलाई किन छोडेको, यसो गरेको हेडगुरुलाई मन पर्दैन भन्ने उपदेश बद्रीनाथजीले मलाई दिनुभयो । यी पढ्दैनन्, मैले के गर्ने भनी मैले भनेँ । राखेर पढाउनुपर्छ, छोड्न पाईंदैन भनी बद्रीनाथजी जानुभयो । दिउँसो १ बजे प्रधानाध्यापकको वरिपरि पण्डित-मण्डली बस्तथ्यो । दुईचार दिनपछि त्यही मण्डलीमा तपाईंका विद्यार्थी भाँडिए, के गर्ने भनी बद्रीनाथजीले मसँग प्रश्न गर्नुभयो । मैले यथार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरो भनैं। त्यसो गर्नु हुँदैन, पढाउन सकिनँ भनेर कागत लेख्नोस् भनी मेरो अघिल्तिर कागत र कलम ल्याई बद्रीनाथजीले राखिदिनुभयो। पढाउन सक्तिनँ भनेर त मैले कसरी भन्ने, पढ्ने उनीहरूको रुचि छैन भनी म लेखिदिन्छु भनी मैले कागत लेखिदिएँ। बद्रीनाथजीले सो कागत लगी दराजमा राख्नुभयो। श्रीगुरु सोमनाथ पनि त्यहीँ हुनुहुन्थ्यो। उहाँले गम्भीर मुद्राले सबै कुरा सुन्नुभयो, विशेष बोल्नुभएन। यस्तै सानातिना घटना बराबर हुँदै गए। नयराज हजुरलाई हेर्दैनन्, हजुरको अपमान गर्छन् भन्ने भाव सोमनाथ गुरुको मनमा बद्रीनाथजीले पारिदिनुभएछ। यसमा बद्रीनाथजीको मात्रै दोष छैन, मेरो अनुभवहीनताको पनि दोष छ। जे भए पनि श्रीगुरु सोमनाथको पाउमा दर्शन गर्न मैले कहिले छोडिनँ। कहिले-कहिले त श्रीगुरु सोमनाथ उहाँको पाउमा दर्शन गर्दा लत्याएर पनि हिँड्नुहुन्थ्यो। यो अवस्था वि.सं. २००२-३ सम्म रह्यो। वि.सं. २००२ को पजनीमा (श्री ३ जुद्धले राज्य छोडी जाने वेलामा) पाठशालाका केही पण्डितहरूको वेतन वृद्धि भयो। सोमनाथ गुरुको पनि वेतन वृद्धि भयो। तर बद्रीनाथजीको वेतन वृद्धि भएन। मैले यति काम गरँ, मेरो विषयमा सोमनाथ गुरुले केही पनि बोलिदिनुभएन भन्ने कुरा बद्रीनाथजी गर्न लाग्नुभएछ र प्रधानाध्यापकको कार्यालयको काममा सुस्ती गरिदिनुभएछ। यसबाट सोमनाथ गुरुलाई भार पर्न आयो। उहाँले माहिला गुरुज्यूसँग भनी आफ्नो कार्यालयको काम पं. रोहिणीप्रसाद भट्टराईद्वारा गराउन लाग्नुभयो। यसपछि सोमनाथ गुरु क्रमशः मसँग प्रसन्न हुँदै आउनुभयो। यो घटना पाठशालाको हो।" [नयराज पन्त, 'विद्वत्पूजा' (२ सङ्ख्या), पूर्णिमा, वर्ष ७ अङ्क ४, पूर्णाङ्क २८, पृ. १९३-५]

नयराज पन्तले आफूलाई 'अनुभवहीन जोशिलो' युवक भन्नु भए पनि एउटा संस्कारगत मान्यताभित्रको बौद्धिक परम्परा र कुटिल राजनीतिक द्वन्द्वलाई केटाकेटी उमेरदेखि नै बुझ्दै आउनुभएको कुरालाई कसैले लत्याउन सक्तैन। त्यो पारिवारिक अस्तित्वले सिर्जना गरेको मान्यतालाई नयराज पन्तले कहिले पनि लत्याउन खोज्नुभएन। त्यो परम्परालाई लत्याएर अघि बढेको भए नयराज पन्त न घरको न घाटको हुन पुग्नुहुन्थ्यो। बद्रीनाथ अधिकारीजस्ता डाहाडे, सोमनाथ सिग्द्यालको आसेपासे तथा बौद्धिक हत्याराले यदि लक्ष्मीपति पाँडेको राजनीतिक तथा बौद्धिक संस्कार थाहा पाएको भए अथवा पं. भुवननाथ पाँडेको सङ्गतबाट पाएको ज्ञान र आदर्शलाई सोमनाथबाट सुनेको भए अथवा नयराज पन्त कसरी र कुन पक्षबाट आएको र कति गहिराइमा उसको व्यक्तित्व छ भन्ने कुराको विश्लेषण गर्न सक्ने शक्ति भएको भए त्यति तल्लो तहमा पुग्नुपर्ने थिएन। सोमनाथको अगाडि पढाउन सक्तिनँ भनेर नयराज पन्तको मुखबाट ओकल्न लगाउने साहस, विद्यार्थीहरूको पढ्ने रुचि छैन भनेर नयराज पन्तको कागतलाई दराजभित्र राखेर आफ्नो प्रशासनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रवाफ सोमनाथका अगाडि देखाउने दुस्साहस, नयराज पन्तले भन्दै नभनेका कुरालाई चाहिने-नचाहिने किसिमले कुरा लगाएर सोमनाथको मन परिवर्तन गराउने नियतले अघि बढेका बद्रीनाथ अधिकारी त सफल भए, तर सोमनाथजस्ता हेमराजका चाकरीदारले पं. भुवननाथ पाँडेको ज्यौतिषसम्बन्धी ज्ञानले हेमराज शर्मालाई कसरी प्रभाव पारेको थियो भन्ने कुरालाई थाहा नपाएर हो कि अथवा थाहा पाएर नयराज पन्त उसको नाताले तेजोवध गर्न खोजेको हो, त्यो त अनुसन्धानको विषय बन्न पुगेको छ । बद्रीनाथजस्ता दुष्टले नयराज पन्तलाई त सताए-सताए, उल्टो वेतन वृद्धि नहुँदा सोमनाथलाई समेत अङ्कुशी पार्ने काम गरे ।

वि.सं. १९८० को हिउँदमा नारायणहिटी राजदरबारमा सप्ताह भएको थियो । त्यस सप्ताहको वाचक हेमराज शर्मा हुनुहुन्थ्यो । चार जना उपवाचकमध्ये सोमनाथ सिग्द्याल पनि एक उपवाचक हुनुहुन्थ्यो । त्यसैमध्येका एक उपवाचक पं. भुवननाथ पाँडेले भागवत पाठ गर्दा हेमराजको दोष फेला पारेका थिए । एक ठाउँमा हेमराजले शुद्धै हो भन्दा पनि अशुद्धै भनेर पं. भुवननाथ पाँडेले भन्दा हेमराज रिसाएको कुरा नयराज पन्तले उल्लेख गर्नुभएको छ । त्यस बेला नयराज पन्तको उमेर दश वर्षको मात्र थियो । शायद ती घटना र अन्य घटनाले गर्दा सोमनाथको कुदृष्टि नयराज पन्तमाथि पर्न गएको हुनसक्छ । हेमराज शर्माजस्ता प्रभावशाली व्यक्तित्वलाई आफ्नो बौद्धिकताले थिच्न खोज्ने पं. भुवननाथ पाँडेको नाति नयराज पन्तलाई शुरूमै थचार्न सकिएन भने आफूमाथि नै जाइलाग्न के बेर भनेर बद्रीनाथ अधिकारीजस्ता बुद्धिहीनलाई अघि सारिएको हो कि ? प्राध्यापकीय गरिमालाई लत्याएर चाकडी मनोवृत्तिमा लाग्दा कति अपमानित हुनुपर्‍यो होला, त्यो कुरा नयराज पन्तको बौद्धिक उचाइ देख्दा जीवनको अन्ततिर पुगेका बद्रीनाथ अधिकारीले महसूस गरे होलान् । यस्ता अनेकौं घटनाहरूलाई व्याख्या गर्दै जाने हो भने नयराज पन्तमाथि चार-पाँचवटा मोटा-मोटा ठेली तयार पार्न सकिन्छ । नयराज पन्तले दायाँ-बायाँ कतै वास्तै नगरी आफ्नो कामलाई नै महत्त्व दिन थाल्नुभयो । आफ्नै कामले सबैलाई प्रभाव पार्ने र नचाहिने कुरामा वास्तै नगर्ने बानी भएकाले साधारण जालझेललाई उहाँले खासै महत्त्वै दिनुभएन ।

प्राध्यापकीय जिम्मेवारी लिएपछिका घटनालाई नयराज पन्तले यसरी उल्लेख गर्नुभएको छ–

"नायब बडागुरुज्यू हेमराजका हजुरिया पण्डित सोमनाथ गुरु हुनुहुन्थ्यो । श्रीगुरुले हेमराजज्यूको तहबीलबाट पहिले प्रतिमहीना ३०।- रु. र पछि प्रतिमहीना ५०।- रु. पाउनुहुन्थ्यो । यो कुरा मैले मेरा मातामहबाट सुनेको हुँ । राजदरबारमा हुने दानको ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाग पनि हेमराजज्यूले सोमनाथज्यूलाई नै पारिदिनुहुन्थ्यो । सोमनाथज्यू पनि उहाँको काममा तनमनले लाग्नुभएको थियो । सोमनाथजी विरामी हुँदा डाक्टर वैद्य लिई उहाँको घर गुरुज्यू आफैं पुग्नुहुन्थ्यो । ज्यौतिष विषयको काम पनि हेमराजज्यूकहाँ पर्थ्यो । त्यो काम श्रीगुरु सोमनाथको हातबाट हुन सक्तैनथ्यो । त्यो काम मेरा मातामह गर्नुहुन्थयो । ज्यौतिषको काम नियमित थिएन । यो काम गरेबापत राजदरबारबाट हुने मझौला खालका दान मेरा मातामह पाउनुहुन्थ्यो । हेमराजज्यू बाहिर गएको बेला पनि पञ्चाङ्ग आदिको काम त गर्नैपर्थ्यो । यस कारण यो काम मिलाउन मेरा मातामहलाई भेट्न कहिलेकहीँ सोमनाथ गुरु आउनु पनि हुन्थ्यो । वि.सं. २००० पौषमा मेरा मातामहको स्वर्गवास भयो । त्यस बेलासम्म हेमराजज्यूकहाँ मैले केही काम गर्नुपरेको थिएन । वि.सं. २००१ को बर्खामा वि.सं. २००२ का पञ्चाङ्ग गुरुज्यूकहाँको सिपाहीले मकहाँ ल्याई छोडी गयो । मैले भाइ रामजी तेवारीलाई साथ लिई २ महीनाजति लगाई बिहान-बेलुका र बिदाको दिन हुज्यालसम्म परिश्रम गरी पञ्चाङ्ग-संशोधनको प्रतिवेदन तयार गरैं । सो लिई एक दिन बिहान म गुरुज्यूको ढोकामा हाजिर भएँ । गुरुज्यू पद्मङ्गिनीमा टहलिरहनुभएको रहेछ । मैले गुरुज्यूको दर्शन गरैं । किन आएको भनी गुरुज्यूबाट सोधनी भयो । पञ्चाङ्ग-संशोधन ल्याएको भनी मैले भनैं । कस्तो पञ्चाङ्ग-संशोधन, मलाई बुझाइदेऊ भनी गुरुज्यूले भन्नुभयो । मैले सबै कुरा एक-एक गरी भन्दै गएँ । गुरुज्यूबाट बारम्बार प्रश्न भइरह्यो । सबै प्रश्नको उत्तर मैले दिँदै गएँ । यसै गरी आधा घण्टाजति समय बित्यो । यसपछि माथि जाऔं भनी गुरुज्यूले मलाई माथि लानुभयो । त्यहाँ श्रीगुरु सोमनाथ केसरिराजलाई माघ पढाउन लाग्नुभएको रहेछ । मैले गुरुको दर्शन गरैं । पाँच-सात मिनेटपछि पढाइ बन्द भयो । गुरुज्यूलाई भारत चम्पूका निकै श्लोक कण्ठस्थ रहेछन् र बडो रसिलो ढङ्गले ती श्लोकको व्याख्यान गर्न गुरुज्यू लाग्नुभयो । यसपछि गुरुज्यूको आज्ञानुसार मैले पञ्चाङ्ग मैले सोमनाथ गुरुलाई बुझाएँ । अब व्रतपर्वहरूको निर्णय गर्नू, यसपछि तिमीहरू बसी भित्र सबै कुरा ठीक गरी अनि अरू बोलाई सभा गर्नू भन्ने आज्ञा दिई गुरुज्यूले हामीलाई बिदा दिनुभयो । सोमनाथ गुरुले केही बोल्नुभएन । त्यसपछि के भयो, मलाई केही थाहा भएन । एक्कासि ठूलो सभाको सूचना आयो । दुई दिनसम्म सभा भयो । व्रतपर्व, विवाह, व्रतबन्धका मुहूर्तको निर्णय भयो । पञ्चाङ्ग छापिन गए । दैवसंयोग, विवाहको एउटा मुहूर्तमा लग्नको नवांश-शुद्धि रहेनछ । सो कुरो विवाहको लग्नसमयको निर्णय गर्दा सो लग्नभन्दा १ दिनअगाडि मात्र मैले थाहा पाएँ । अलि अगाडि थाहा पाएको भए गुरुज्यूलाई भनी संशोधन निकाल्न लाउन हुन्थ्यो । त्यसलाई पनि समय रहेन । यस कुराले म खिन्न भएँ । यसको २-४ दिनपछि बाटामा श्रीगुरु पं. माधवराम जोशीले यता आऊ यता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आऊ भनेर बोलाएर कुनामा लगी यो लग्नमा नवांशशुद्धि रहेनछ नि; हुनत म कसैलाई भन्दिनँ, भैगयो, यसो गर्नु हुँदैन भनी भन्नुभयो । मैले दिने उत्तर केही थिएन । हुन त सभामा वसी निर्णय गरी सबैले सहीछाप गरेका थिए । श्रीगुरु माधवराम पनि सभामा हुनुहुन्थ्यो । परन्तु जवाफदेही मैले मात्र गर्नुपर्दोरहेछ । यस कुराबाट मुहूर्त विचार गर्दा निकै परिश्रम गर्नुपर्छ भन्ने भाव मेरो मनमा जम्यो । वि.सं. २००३ को पञ्चाङ्ग निर्णय गर्दा अलि बिस्तारै काम होस् भनी मैले सोमनाथ गुरुसँग निवेदन गरेँ । सोमनाथ गुरुका हजुरिया पण्डित बद्रीनाथ गुरुज्यूका चाकरीदार हुनुभएकाले र ज्यौतिषी पनि हुनुभएकाले मुहूर्त निर्णय गर्दा अघि सर्नुभयो । मैले काम बिस्तारै होस् भनी फेरि भनेँ । मेरो कुरा कसले सुन्थ्यो ! सबैलाई काम झटपट सिध्याई घर जानकै हतार थियो । साबिकबमोजिम काम भयो । मेरो निवेदन केही काम लागेन । यस घटनाले सोमनाथज्यूको म अप्रिय छु भन्ने कुरा अरूले पनि बुझे । मेरो उपरमा आक्रमण बढ्न लागे । मलाई एकतमासको लाग्यो । यस कामबाट मलाई एक पैसाको पनि लाभ थिएन । तिनताका दान लिने रुचि मेरो थिएन, गुरुज्यूको तहबीलबाट म पैसा पाउँदैनथेँ । मातामहले गरिरहनुभएको काम मैले गर्नुपऱ्यो र गुरुज्यूको नगीचमा बराबर जाने अवसर मिल्दा उहाँको पुस्तकालयका छापा पुस्तक पढ्ने अवसर मैले पाएँ । मेरो लेखा पुरस्कार यही थियो । अब मैले यहाँ बसेर काम गर्नु ठीक छैन भन्ने सम्झेँ र यस कामबाट मलाई फुर्सद मिलोस् भनी गुरुज्यूसँग मैले भनेँ । गुरुज्यूले अरूले भने भनेर आफ्नो काम छोड्ने हो भने त मैले जपमाला लिएर हिँडे हुन्छ, अरूले भन्दै गर्छन् आफूले आफ्नो काम गर्दै जानुपर्छ, परन्तु काम राम्रोसँग गर्नुपर्छ, अहिलेलाई जे भयो भयो, अबदेखि दोहऱ्याई काम गर्नू भनी भन्नुभयो । फेरि अर्को वर्षको काम आयो । बद्रीनाथजी फेरि कागत-कलम लिई कसिनुभयो । मैले गुरुज्यू बाजेसँग यो कुरा बिन्ती चढाइसकेको छु, काम राम्ररी गर्नुपर्छ भनी मर्जी भएको छ, यसरी घारघुर गरेर काम गर्न म दिन्नँ भनी मैले खुला सभामा बोलेँ । मैले भनेजस्तै गरी बिस्तारै काम भयो । सोमनाथ गुरु गुरुज्यूका हजुरिया पण्डित हुनुभएकाले र म गुरुज्यूको ज्यौतिष विषयको काम गर्ने भएको हुनाले कहिलेकहीँ गुरुज्यूको सामुने पनि उहाँ र मैले मिली काम गर्नुपर्थ्यो । गुरुज्यूको दृष्टि मेरो उपर राम्रो भएकाले सोमनाथ गुरु पनि मेरो उपर स्नेहपूर्वक व्यवहार गर्न लाग्नुभयो । अघिको कटुता जम्मै गयो । यो कुरा नायब बडागुरुज्यूको घरको हो ।" [नयराज पन्त, 'विद्वत्पूजा' (२ सङ्ख्या), पूर्णिमा, वर्ष ७, पूर्णाङ्क २८, पृ. १९५-१९७]

नयराज पन्तले उल्लेख गर्नुभएका प्रत्येक घटना 'केस हिस्ट्री' का रूपमा व्यक्ति-व्यक्तिको चरित्र तथा क्रियाकलापका बारेमा अध्ययन र मूल्याङ्कन गर्न सकिन्छ । नयराज पन्तले नायब बडागुरुज्यू हेमराजको घरको कुरा भनेर एकातिर औँल्याउनुभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ भने अर्कातिर हेमराजको मनस्थितिलाई प्रष्ट्याउने काम गर्नुभएको छ । नयराज पन्तलाई तलै अलमलाएर राख्नुको अर्थ आफ्नो छोरा केशरिराजलाई पढाउन बसेका सोमनाथले समयसम्म पढाओस् भन्ने कुरा बुझिन्छ । त्यस्तै सोमनाथजस्ता त मेरो छोरालाई पढाएर बस्छ भने तँ त उसको अगाडि के नै होस् भनेर नयराज पन्तलाई पनि चाकडी परम्परातिर धकेल्नका लागि प्रयोग गरिएको सूत्र पनि हुन्छ । अर्कातिर नयराज पन्तलाई महत्त्व दिएर सोमनाथले विद्रोह गर्न खोज्यो भने पं. भुवननाथ पाँडेको नयराज पन्तले यस काममा मलाई साथ दिइहाल्छ भनेर उनीहरूलाई सधैँ आश्रित बनाउन खोजेको पनि हुन सक्छ । तर जे होस्, एउटा जोशिलो रूप लिएर मातामहको परम्परालाई टेवा दिन खोज्दा नयराज पन्तले नेपालका महत्त्वपूर्ण व्यक्तिहरूसित एकै ठाउँमा बसेर आफ्नो प्रभुत्व जमाउन कति गाह्रो भयो भन्ने कुरा पनि राम्ररी बुझ्न सकिन्छ । नायब बडागुरुज्यू हेमराज शर्मा चानचुने व्यक्तित्व भएका मानिस थिएनन् । त्यस्तै जुद्धशमशेरका विश्वासी ज्यौतिषी माधवराम जोशीको दरबारभित्रको प्रभाव पनि कम थिएन । यस्ता शक्तिशाली व्यक्तिहरूका बीचमा बौद्धिकतासाथ हाँक दिएर बोल्नु, घारघुरे तालले पञ्चाङ्ग तयार पार्ने भए आफू काम नगर्ने भनेर पन्छिन खोज्नु, बिनापरिश्रम तथा दरबारको दान नथापी खटेर शुद्ध पञ्चाङ्ग तयार पार्ने काममा समय दिनुले त्यस बेलाका हेमराजका हजुरिया सोमनाथ र सोमनाथका हजुरिया बद्रीनाथ अधिकारी तथा सभामा केही नबोल्ने तर कुनामा लगेर नयराज पन्तमाथि खोट थुपार्न खोज्ने पं. माधवराम जोशीहरूका अगाडि आफ्नो स्वतन्त्र बौद्धिक अस्तित्व देखाउन सक्नु नयराज पन्तको इमानदारी र लगनशीलताको फल मान्नुपर्छ । कागत गराउने र कागत गराएको हेरिरहने बद्रीनाथ अधिकारी र सोमनाथ तथा गुरु भनेर ढोग्दा खुट्टा लत्याउने सोमनाथले त्यस बेला प्रधानाध्यापक र हजुरिया पदको दुरुपयोग गरेका थिए भने पछि त्यही व्यक्तिले आफ्ना मालिकद्वारा बौद्धिकतासाथ कदर गरेपछि नयराज पन्तका अगाडि त्यो व्यक्तिको व्यक्तित्व कुन रूपमा रह्यो त्यो त त्यही व्यक्तिले बुझ्ने कुरा हो । तर सोमनाथको चरित्रलाई नयराज पन्तले राम्ररी कुनै गालीगलौज नगरी उनको कार्यद्वारा नै उनी के हुन् भनेर छर्लङ्ग पारिदिनुभएको छ । हजुरिया बन्न तथा दान पाउन केकस्तो काम गर्नुपर्छ भन्ने कुरा बद्रीनाथ र सोमनाथलाई हेरे सबै कुरा बुझ्न सकिन्छ ।

हेमराज शर्माको प्रिय पात्र भएर सोमनाथले काम गर्नुभयो । हेमराजको कृपा नपरेको भए पाठशालाका प्रधानाध्यापक हुने मौका सोमनाथले पाउनुहुने थिएन । पूरै रूपमा हेमराज शर्माप्रति आस्था राख्दै आफ्नो समय समर्पण गरेको हुनाले नै सोमनाथ राजदरबारबाट पाइने ठूलो दान थापेर आर्थिक रूपले सम्पन्न हुन पुग्नुभयो । दुवैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ-आफ्नो स्वार्थ थियो । त्यो समयअनुसार पूरा पनि भएको थियो । तर दुवैलाई आफ्नो प्रतिष्ठा जोगाउन बौद्धिकताचाहिँ नभई हुन्थेन । अरूको बौद्धिकतालाई शोषण गर्न दुवैले जानेका थिए– राजनीति खेलेर । नयराज पन्तले दुवैलाई चिन्ने मौका पाउनुभयो । तर दुवैबाट नाजायद फाइदाचाहिँ लिन चाहनुभएन । दुवैका आँखामा नयराज पन्त समान भएको कुरा यसरी पुष्टि हुन्छ–

"वि.सं. २००९ तिर गुरुज्यूले मसँग प्रसङ्गवश भन्नुभएको थियो– मलाई मेरो जीवनमा यस्तो फुर्सद कहिले भएको थिएन, आजभोलि म एक्लै छु, सोमनाथ पनि मकहाँ आउँदैनन् । त्यस बेला गुरुज्यूले आफ्नो जीवनलाई विद्याको धारातिर बढ्ता मोड्ने प्रयत्न गर्नुभएको मैले अनुभव गरेँ । एक दिन गुरुज्यूले मसँग भन्नुभयो– नेपालको इतिहास लेख, तिम्रो नाम रहन्छ, म सहायता गर्छु । मैले काम गर्ने सहायक पाए सजिलो हुन्थ्यो भनी भनेँ । पख त भनी गुरुज्यूले भन्नुभयो । कुरा त्यसै रह्यो ।" [नयराज पन्त, 'विद्वत्पूजा' (२ सङ्ख्या), पूर्णिमा, वर्ष ७, अङ्क ४, पूर्णाङ्क २८, पृ. २२१]

नयराज पन्तको बौद्धिकतालाई बुझेर सही ढङ्गले काम गर्ने परिस्थिति बनाइदिएको भए तथा आर्थिक स्रोत बनाइदिएको भए नयराज पन्तले ज्यौतिष-परम्परा तथा नेपालको इतिहासबारे अनुसन्धान गर्न कति सजिलो पार्थे भन्ने कुरा आफ्नै ठाउँमा थियो । आफू पनि गर्न नसक्ने र अरूलाई गर्न पनि नदिने तथा गर्न सक्नेलाई आफ्नो घेराभित्र अलमलाएर राख्ने प्रवृत्तिले नयराज पन्तजस्ता व्यक्ति कुण्ठित हुनुपऱ्यो त्यस बेला । त्यसैले नयराज पन्त लेख्नुहुन्छ–

"पोहर मात्र सोमनाथ गुरुले प्रसङ्गवश मसँग भन्नुभएको थियो- गुरुज्यूलाई राणाको अन्धभक्तिले बिगाऱ्यो । पछि मेरो पनि आवतजावत छुट्यो । अन्तिम समयमा काशी जानुअगाडि गुरुज्यू मकहाँ आएका रहेछन् । म बाहिर गएको थिएँ । म आएको थिएँ भनी भनिदिनू भनी गुरुज्यू गएछन् । पर्सिपल्ट म गुरुज्यूकहाँ गएँ । गुरुज्यू त अघिल्लै दिन काशी हिँडिसकेछन् ।" [नयराज पन्त, 'विद्वत्पूजा' (२ सङ्ख्या), पूर्णिमा, वर्ष ७, अङ्क ४, पूर्णाङ्क २८, पृ. २२१]

शक्तिका मोहले लठ्ठिएकाहरू शक्तिलाई नै प्राथमिकता दिन्छन् । पारिवारिकजस्ता हुनुभएका सोमनाथले आफ्नो अतीतलाई बिर्सन पुग्नुभयो । राणाशासनको अन्त्यपछि हेमराजलाई बिर्सनुमा कुनै आश्चर्य मान्नुपर्ने कुरै छैन । हेमराजको 'हजुरिया' को पसल थापेर सोमनाथले नेपाल एकेडेमीको सदस्य पड्काउन जति सफल हुनुभयो त्यति सफलताचाहिँ नयराज पन्तलाई एकेडेमीका काम दिन्छु आउ भन्दा नयराज पन्तले अस्वीकार गर्दा पाउन सक्नुभएन । नयराज पन्तको विद्वत्ता बुझ्न नसक्नुमा दास-प्रवृत्तिकै परम्परा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि.सं. २००७ पछि पनि नयराज पन्तले पढाउने काम छाड्नुभएन । अनुसन्धान, संशोधन तथा व्याख्या गर्ने काम तीव्र रूपमा अघि बढाउनुभयो । त्यसै सिलसिलामा वि.सं. २०२३ तिरको एउटा महत्त्वपूर्ण घटनाबारे, जुन रुद्रराज पाण्डेसँग सम्बन्धित थियो, नयराज पन्त यसरी वर्णन गर्नुहुन्छ–

"२०२३ सालतिरको कुरा हो । त्यति बेला म त्रिभुवन विश्वविद्यालयमा ज्यौतिष विषयको आयोजक, प्राशिनक र परीक्षक थिएँ । त्यो वर्ष आचार्य अन्तिम वर्षका दुई जना विद्यार्थी थिए । परीक्षा भयो । परीक्षण गरेँ । के भइदियो त भन्दा परीक्षामा ती दुवै अनुत्तीर्ण भए । निकै अङ्क नपुगेर अनुत्तीर्ण भए । ... निकै अङ्क नपुगेर मैले अनुत्तीर्ण गराएका ज्यौतिष आचार्यका ती दुवै विद्यार्थी उत्तीर्ण भएको खबर थियो अखबारमा । ती दुई विद्यार्थीमध्ये एउटा मङ्गलराज जोशी र अर्का दामोदरनाथ लोहनी । मङ्गलराज उही अहिलेका प्रा.डा. मङ्गलराज जोशी हुन् । उनीचाहिँ प्रथम श्रेणीमा उत्तीर्ण भएका र अर्का दामोदरनाथ द्वितीय श्रेणीमा उत्तीर्ण भएका भनिएको थियो । मेरो जँचाइमा त दुवै अनुत्तीर्ण भए पनि दामोदरनाथले नै उछिनेका थिए मङ्गलराजलाई त ।" [नयराज पन्त, 'त्रि.वि. को कर्तुत राजालाई जाहेर,' गरिमा, पूर्णाङ्क २२६, पृ. १५]

रुद्रराज पाण्डेको सहयोगी भएर विश्वविद्यालयमा आउनुभएका डा. त्रैलोक्यनाथ उप्रेतीले नयराज पन्तजस्ता व्यक्तिलाई संस्कृत बाजे ठानेर उल्याउनुमा उहाँभित्रका दबित चाकरी मनोवृत्तिको नमूना हो । किनकि दह्रो शक्ति भएका व्यक्तिको अँगालोमा बाँधिएकाहरूले बौद्धिकतालाई एउटा सजिलो रूपमा पाइने सर्टिफिकेटका रूपमा मूल्याङ्कन गर्छन् । ओरिगन विश्वविद्यालयले प्रदान गरेको उहाँको 'डाक्टर' को उपाधिलाई उहाँले जति सजिलोसित बुझ्नुभएको छ त्योभन्दा कठिन अवस्थामा आफूले आर्जन गरेको विद्यालाई जनमानसमा बुझाउन नयराज पन्तलाई त्यति नै गाह्रो परेको थियो । एउटा समूहमा समेटिएर राजनीतिक खेल खेल्नेहरू राजनीतिमा मात्र सीमित नभएर आफूलाई ठूलो बुद्धिजीवी र विद्वान् कहलाउनमा पनि पछि हट्दैनन् । त्यसैले त्यस्ता व्यक्तिहरूले नयराज पन्तलाई उल्याए भन्नुमा आश्चर्य मान्नुपर्ने कुरा नै छैन । डा. त्रैलोक्यनाथ उप्रेतीले यस्तो त जुनसुकै विभागमा भइरहेकै छ भनेझैं नेपाली विभागमा रामराज पन्तलाई नल्याई ताराप्रसाद जोशीलाई अध्यक्ष बनाएर भाँडभैलो मच्चाएको घटना अहिलेसम्म पनि जिउँदै रूपमा छ । विश्वास पाएपछि ओरिगन विश्वविद्यालयबाट त डिग्री पाइन्छ भने नेपालमा त चाकडी गरेपछि एम.ए. को डिग्री पाउनुमा कुनै नौलो कुरा होइन । लामो बौद्धिक इतिहास बोक्नुभएका तथा इतिहास र ज्यौतिष विषयमा विशेष दखल हुँदाहुँदै पनि आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाभिमानमा अटल रहेर कोहीसँग मरमुलाइजा नगर्ने नयराज पन्तलाई डा. त्रैलोक्यनाथ उप्रेतीले हल्का किसिमले लत्याउन खोज्नुले उहाँको दासत्वको सीमा कति मात्रामा रहेछ भन्ने कुरा राम्ररी बुझ्नेपछि पूर्वपरिचित तथा उपकुलपति रुद्रराज पाण्डेलाई भेट्न नयराज पन्त जानुभयो । उहाँसँगको भेटघाट क्रमलाई नयराज पन्तले यसरी उल्लेख गर्नुभएको छ–

"उपकुलपतिज्यू! यो त भएन । मैले अनुत्तीर्ण गराएका विद्यार्थी कसरी उत्तीर्ण भए ? यसले त्रि.वि. लाई नै सखाप गऱ्यो । यथार्थ छानबीन हुनुपऱ्यो । यो त हुँदै भएन । म मजासँगै गम्छैं उहाँसित पनि । त्यत्ति मात्रै होइन, बाहिरफेर पनि प्रचार गर्दै हिँडेको थिएँ- मैले अनुत्तीर्ण गराएका विद्यार्थी यसरी षड्यन्त्रपूर्वक उत्तीर्ण गराइए भनेर । त्यसपछि रुद्रराजजीले मलाई फकाउने हिसाबले भन्नुभयो- तपाईं यस्तो कुरा गरेर नहिँड्नुस् । यो कुरा छोडिदिनुस् । यो ठूलो कुरा पनि होइन र यसको केही अर्थ पनि छैन । त्यसैले बरु भन्नुस् हामीले तपाईंलाई के गर्नुपऱ्यो ? तपाईंको पूर्णिमा पत्रिकालाई त्रि.वि. बाट सहयोग मिलाइदिन्छु । साथै तपाईंका दुई जना मान्छेलाई जागीर पनि दिलाइदिन्छु ।" [नयराज पन्त, 'त्रि.वि. को कर्तुत राजालाई जाहेर,' गरिमा, पूर्णाङ्क २२६, पृ. १५-१६]

रुद्रराज पाण्डेले नयराज पन्तलाई अहिले मात्र चिनेको होइन । जुन वेला नयराज पन्त डिग्री लिएर काठमाडौं आउनुभयो त्यस बेला मृगेन्द्रशमशेरलाई भनी भाषानुवाद परिषद्मा जागीरे बनाइदिने काममा सहयोग गर्नुभएको थियो । पछि हेमराज शर्माको आग्रहमा पढाउने काममा नयराज पन्त लाग्नुभयो । राणाकालदेखिको व्यक्ति-व्यक्तिबीचको राजनीति बुझ्नुभएका र राजनीतिका सफल खेलाडीका रूपमा प्रसिद्धि पाउनुभएका रुद्रराज पाण्डेले नयराज पन्तको बौद्धिकतालाई अँगाल्नु सट्टा उहाँको बौद्धिकतालाई पाखण्डी साबित गर्न सकियो भने त्यस बेलाका शासकहरूबाट धाप पाइनुका साथै आफ्नो पदको गरिमामा टेवा मिल्ने हुनाले नै यस काममा उहाँ अग्रसर हुनुभएको हो । बुद्धिजीवी भनाउँदाहरू बालचन्द्र शर्मा, भैरवबहादुर प्रधान, सूर्यविक्रम ज्ञवाली, केशरबहादुर के.सी. आदिका कृतिहरूमाथि प्रमाणपूर्वक संशोधन गरिदिँदा चिढिएका ती व्यक्तिहरूको आश्रयको थलो त्रि.वि. भएकाले त्यसैलाई उपयोग गरी नयराज पन्तको तेजोवध गरिएको हो । राणाकालिक अवस्था पार भएर प्रजातन्त्र आएपछि पनि पञ्चायती व्यवस्थाको रूपलाई टेवा दिन बुद्धिजीवी कहलाइएका व्यक्तिहरूको आडमा नयराज पन्त फुट्टा व्यक्तिका रूपमा मूल्याङ्कन गरिँदा रुद्रराज पाण्डेले नयराज पन्तलाई जुन रूपले होच्याउन पुगनुभयो त्यसको प्रतिवादका रूपमा नयराज पन्तले राजालाई गुहार्नुबाहेक अन्य बाटो देख्नुभएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले त्रि.वि. को परीक्षाको काम सधैंका लागि छाडेर राजाको भेटका लागि बिन्तीपत्र हाल्नुभयो । त्यही क्रममा उहाँ भन्नुहुन्छ– "लम्बरी पण्डितको हैसियतले जनैपूर्णिमा, दसैं, श्राद्ध, राजाको जन्मोत्सव आदिमा टीका लगाउने काम मबाट भएको थियो । तर मैले कहिल्यै बिन्तीपत्र हालेर राजालाई भेटेको थिइनँ । यो काण्डपछि मैले राजामा बिन्तीपत्र हाली भेट्ने समय मागेँ । दर्शनभेट पनि प्राप्त भयो । तत्कालीन महाराज श्री ५ महेन्द्रसमक्ष उल्लिखित त्रि.वि. को कर्तुत सबै जाहेर गरेँ ।" [नयराज पन्त, 'त्रि.वि. को कर्तुत राजालाई जाहेर,' गरिमा, पूर्णाङ्क २२६, पृ. १५]

नयराज पन्त श्री ५ महेन्द्रका आँखामा ओझेल परेको व्यक्ति हुनुहुन्थेन । निर्भीक व्यक्तित्व भएको व्यक्तिका रूपमा नयराज पन्त परिचित हुनुहुन्थ्यो । वास्तविक कुरामा प्रमाणसाथ तर्क दिन सक्ने व्यक्तिका रूपमा आफूलाई उभ्याउन सक्ने क्षमताबारे कसैले पनि नकार्न सक्नैनथ्यो । नयराज पन्तले सिर्जना गरेको इतिहास-संशोधन-परम्परालाई तुहाउने र त्यहाँ रहेका योग्य चेलाहरूलाई लडाउने तथा फुटाउने कार्य पनि त्यस बेला शुरू भइरहेको थियो । बौद्धिक वातावरणमा राजनीतीकरण तथा शक्ति र व्यक्तिविशेषको पहुँचमा कुर्सी हात लगाउने दाउ एकातिर चलिरहेको थियो भने अर्कातिर आफू शक्तिमा आउनेबित्तिकै आँखा चिम्लेर आफ्ना विरोधीलाई दबाउने काममा सबै लाग्न थालेका थिए । विश्वविद्यालयमा पढाउने काम होस् या मन्त्रालयमा गएर पञ्चाङ्ग तयार तथा संशोधन गर्ने काम होस्, त्यहाँ नयराज पन्तको आवश्यकता परी नै हाल्थ्यो । तर नयराज पन्त नामै किटेर फलाना-फलानाको अशुद्ध रहेको र त्यसमा संशोधन-मण्डलले खण्डन गरेको प्रमाण-प्रमेयलाई समेत समावेश गरिने भए पढाउने तथा पाठ्यक्रममा सहमत हुने भनेर बोल्न र लेख्न सक्ने व्यक्ति हुनुहुन्थ्यो । त्यस्तै विभिन्न घटनाहरू दरबारमा पुग्दा नयराज पन्तले प्रमाणहरू पेश गर्ने र तर्कद्वारा पुष्टि गर्ने गरेको कुरा दरबारलाई राम्ररी नै थाहा थियो । माधवराज पाण्डेले लेखेका किताबबारे नयराज पन्त र रुद्रराज पाण्डेबारे चर्काचर्की भएर बोलचालसमेत बन्द भएको कुरा मैले सुनेको थिएँ । यस्ता सानातिना घटनाहरूले पछि गएर उग्ररूप लिन सक्ने तथा ती घटनाहरू इतिहासकै पानामा पछि गएर अङ्कित हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर श्री ५ महेन्द्रबाट उच्चस्तरीय जाँच गराइवक्सिएको कुरा पनि हल्लाका रूपमा चर्चित भएको थियो । उपकुलपतिको म्याद नसकिँदै रुद्रराज पाण्डेले उपकुलपतिको पद त्याग गर्नुपरेको हल्ला पनि चलेको थियो ।

धेरैले नयराज पन्तलाई दबाउने तथा शोषण गर्ने काम गरी नै रहे । नयराज पन्त कुनै कुरामा विचलित हुनुभएन । नयराज पन्तको सत्य कुरा सुनेर जनकराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डितले टाउको निहुराउनुपरेको थियो- हेमराज शर्माले राणाशासन ढलेपछि तिमी काम गर म सहयोग गर्छु भन्दै काशी लाग्नुपरेको थियो– बिरामी भएर थला परेको अवस्थामा सोमनाथ सिग्द्याललाई हेर्न जाँदा सोमनाथले नयराज पन्तलाई एकपल्ट मेरो चिना हेरिदेऊ भन्नुपरेको थियो । नयराज पन्तको गुणलाई सबैले शोषण गरेका थिए तर नयराज पन्तमाथि उदारचाहिँ किन हुन सकेनन् भन्ने कुराको इतिहास खोतल्नै बाँकी छ ।

रुद्रराज पाण्डे ढाक्रे हुनुभयो । आफ्नो टेकमा अडेर नयराज पन्तले कसैसँग नझुकी बौद्धिकतासाथ प्राध्यापन तथा अनुसन्धान गरिरहनुभयो ।

पछि मैले सुनेको थिएँ- नयराज पन्तले आफ्नो जेठा छोरा महेशराज पन्तको विवाहमा रुद्रराज पाण्डेलाई बोलाउनुभएको थियो । निम्तो स्वीकारेर रुद्रराज पाण्डे विवाहमा आउनुभयो र आशीर्वाद पनि दिनुभयो रे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकटता

कमल दीक्षित

आज एउटा कुरा खोलूँ। गोप्यै त होइन यो कुरो, तर धेरै चर्चित पनि थिएन। कुरो नयराज पन्त र मदन पुरस्कारसँग जोडिएको छ। मदन पुरस्कार गुठीले पुरस्कार जगदम्बा-श्री आफूले छानेर दिन्छ (छान्ने प्रक्रिया लामो छ त्यो विषय अर्कै हो)। यो पुरस्कार व्यक्तिलाई दिइन्छ तर मदन पुरस्कार भने व्यक्तिलाई दिइँदैन, यसमा किताप पुरस्कृत हुन्छ, व्यक्ति होइन। हामी भन्छौँ– फलानो ग्रन्थका लागि फलाना व्यक्ति पुरस्कृत भएका छन्। त्यसै अनुसार २०४४ साल भदौको १९ गते गुठीको साधारण सभाले निर्णय पऱ्यो– "संवत् २०४३ सालको मदन पुरस्कार 'लिच्छवी संबत्को निर्णय' भन्ने ग्रन्थका लागि श्री नयराज पन्तलाई प्रदान गर्ने।" भनेर।

२०४३ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले विद्वान्, प्राज्ञ नयराज पन्तको तीसवर्ष लामो अध्ययन र अनुसन्धानको प्रतिफलस्वरूप लिच्छवी संवत्बारे उहाँले निकाल्नुभएको निष्कर्षलाई प्रकाशित गऱ्यो, एउटा भव्य पुस्तकका रूपमा– 'लिच्छवी संबत्को निर्णय' भन्ने नामले। त्यस वर्ष नेपालीमा छापिएका किताहरूका माझमा त्यो किताप सर्वोत्कृष्ट देखिन्थ्यो यसै सरसरी हेर्दा पनि। यस्तो किताप त पुरस्कृत हुनै पर्छ भन्ने लाग्थ्यो जसलाई पनि। तर नयराज पन्त यो मेरो किताप्लाई पुरस्कृत गर भन्न जानुहुन्न, त्यो मागेजस्तो हुन्छ। उहाँ कुनै हालतमा पनि गुठीमा आवेदनपत्रसहित किताप पठाउनुहुन्न– के गर्ने भनेर नेपाली केही वाङ्मयसेवीहरूले हामीहरूसँग कुरा गर्नुभयो। हामीले भन्यौँ, मैले भनेँ– "कुनै पनि लेखकले आवेदनपत्र भनैँ पर्दैन बुझ्नाउनै पर्दैन। गुठीमा किताप पठाउन लेखक या प्रकाशक जल्ले पठाए पनि हुन्छ, तर किताप आउनु चाहिँ पर्छ"। हामीकहाँ सम्पर्क राख्ने विद्वान्हरूले विकल्प देखेछन्। केही दिनपछि प्रज्ञा प्रतिष्ठान (प्रकाशक)को सहिछापसहित किताप गुठीमा आइपुग्यो। त्यसपछि साविकबमोजिम गुठीले आफ्नो प्रक्रिया पूरा गऱ्यो। स्वाभाविक थियो परीक्षकहरूले भने "यो किताप गुठीको नियमावलीबमोजिम यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षको सर्वश्रेष्ठ ठहरिन्छ" । अनि माथि भनेजस्तै भदौको १९ गते गुठीको साधारण सभाले त्यस वर्षको मदन पुरस्कारका लगि नयराजजीको पुस्तकलाई पुरस्कृत गर्ने निर्णय गरेको हो ।

तर त्यस वर्ष कुरो यतिमै टुङ्गिएन । उजुर पऱ्यो । अनि गुठीले पुन निर्णय गुर्नपरेछ । त्यसबारे गुठीको मुखपत्र त्रैमासिक 'नेपाली'को पूर्णाङ्क ११२ (२०४४ साउन, भदौ र असोजको अङ्क)मा एउटा सम्पादकीय छापिएको छ । त्यो समग्र उद्धृत गर्नु उपयुक्त होला । लेखेको छ:-

"सम्वत् २०४३ सालको मदन पुरस्कारको घोषणा र वितरण कार्य यसै अवधिमा भए । यस वर्षको मदन पुरस्कार श्री नयराज पन्तलाई उहाँको 'लिच्छवी सम्वत्को निर्णय' भन्ने ग्रन्थका लागि प्रदान गरिएको र सो वितरण समारोहमा विद्वान्द्वय खड्गमान मल्ल र राजेश्वर देवकोटाले के के शब्दले विद्वान् नयराज पन्तको गुणानुवाद गरे त्यो पनि अक्षरस: यस अङ्कमा छापिएको छ, पढियो होला । तर यसैबीचको एउटा अर्को सानो घटनाको यहाँ कतै उल्लेख भएको छैन । भविष्यका लागि त्यस कुराको पनि अभिलेख राखिदिनुपर्छ भन्ने हामीलाई लाग्छ । नयराजजीको यो ग्रन्थ उनकै प्रकाण्ड विद्वत्ता र बुद्धिवर्कतले मात्र निर्मित हुनसक्छ, चानचुने पाण्डित्यले यो ग्रन्थ बन्न सक्तैन भन्नेमा हामी विश्वस्त छौं, तर विद्वान् पन्तजीले आफ्ना सहयोगी भनी ग्रन्थमै नामोच्चारण गरेकामध्ये एक जनाले यस ग्रन्थका रचनामा मेरो सहभागिता भएको हुँदा पुरस्कार रकममा मेरो पनि हक लाग्छ भनी लेखी पठाए । गुठीले युक्तिपूर्वक त्यस चिठीलाई अमान्य गऱ्यो । पुरस्कार वितरण कार्य साविकबमोजिम सुसम्पन्न भयो । यस घटनाको अभिलेख रहनुपर्थ्यो भन्ने हामीलाई लाग्नको कारण के भने साहित्य संस्कृतिको क्षेत्रमा समेत यस्ता अवाञ्छित कुरा पनि हुन सक्ता रहेछन् । अत: विद्वान्वर्गले पनि आफूले योग्यै देखेका कुरामा पनि यहाँ दुईपटक सोच्नु विचार पुऱ्याउनु पर्दोरहेछ । त्यति चेत हाम्रा विद्वान्, कविलेखकहरूमा तथा हामीमा आओस् भन्ने प्रार्थना छ । विद्वान् प्राज्ञ नयराज पन्तमा हाम्रो हार्दिक बधाई र साधुवाद छ ।"

त्यसरी मदन पुरस्कारको रकममा दावी गर्ने को हो भन्ने कुरा यहाँ नकोट्याऊँ । गोप्य होइन, यो कुरो जान्नै खोज्ने, बुझ्नै खोज्नेहरूले 'नेपाली'को त्यो अङ्क पल्टाएर हेरे भैहाल्छ । त्यहाँ त ती सज्जनले लेखेको चिठी नै पूरै छापिएको छ ।

अब फेरि नयराजजीमा जाऊँ । नेपालका एक उद्भदर विद्वान् हुनुहुन्थ्यो उहाँ । उहाँकै जोडीको अध्ययनशील विद्वान् ऐलेको नेपालमा कोही छैन भन्ने लाग्छ मलाई । जति विद्वान् हुनुहुन्थ्यो उहाँ उस्तै नम्र पनि हुनुहुन्थ्यो । मैले नयराजजीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'नम्र' भन्दा कसैकसैले मलाई 'चिप्ले' पनि भन्लान् । किनभने, साधारण अर्थमा उहाँ नम्र हुनुहुन्थ्यो । दाँतेओखरभन्दा कडा हुनुहुन्थ्यो नयराज पन्त । उहाँको बाह्य आवरण त्यस्तै खस्रो र कडा थियो । तर उहाँलाई नजिकैबाट चिन्ने मान्छे मसँग सहमत हुनेछ- त्यो बाहिरी खोलभित्रका नयराज पन्त गुदी-ओखरजस्तै नरम र स्नेहालु हुनुहुन्थ्यो । सरल पनि उत्तिकै हुनुहुन्थ्यो । बालकहरूजस्तो सरलता देखेको छु मैले उहाँमा, आडम्बर भनेको पटक्कै नभएको । सिद्धान्तका कुरामा भने उहाँ बज्रकठोर हुनुहुन्थ्यो । सम्झौता गर्ने, यतिसम्म त मानिदिऊँ- भन्ने उहाँको स्वभावै थिएन । मलाई चाहिँ उहाँले धेरै माया गर्नुभएको हो । म उहाँको स्नेहाभिशिक्त प्रशंसक हुँ । नयराज पन्तजस्ता गुणी व्यक्ति नेपाल आमाले कैलेकैले मात्र जन्माउँछिन् ।

नयराजजीको ज्ञानको इयत्ता मजस्तो पल्लवग्राही पाण्डित्य भएको व्यक्तिले पाउन सक्ने कुरो भएन । गणित ज्योतिष, व्याकरणजस्ता क्षेत्रमा उहाँको ज्ञान कति थियो भन्ने भेउ पाउन नसके पनि नेपाली इतिहासपट्टिको उहाँको सुझबुझ र प्रज्ञा तथा त्यसप्रति उहाँमा रहेको निष्ठाको केहीकेही छनक मैले पाएको छु । र त्यसैले म मुग्ध छु । उहाँले जन्माएको इतिहास संशोधन परिपाटीको र गुरुकुल परम्पराको म शुरुदेखि नै समर्थक रहँे । आफू सक्रियतासाथ लाग्न नसके पनि सकेका बेला त्यस अभियानमा भरथेग गर्न म चुकेको थिइनँ । उहाँका केही ग्रन्थहरू छापी प्रकाश गर्न पाएकोमा ऐले पनि म गौरवबोध गर्दछु ।

यति सबै लेखेको देख्दा पाठकहरूलाई म नयराजजीको अत्यन्त निकट रहेछु भन्ने पर्न सक्छ । हुन्थ्यो, उहाँको अत्यन्त निकटको मान्छे हुन सकेको भए ! तर म निकट थिइनँ । टाढैबाट श्रद्धा भक्तिभाव गर्ने वर्गको मान्छे पर्ँे म । भनूँ भने, विद्वान् नयराज पन्तजीको त्यस्तो आत्मीय भन्ने मान्छे कोही थिएनन् कि जस्तो लाग्छ मलाई त । विद्या नै धन हुने ऋषिमुनिजस्तो मान्छको को नजिक र को टाढा ! म नयराजजीको कति निकट थिएँ ? थाहाछैन । तर जति नै भने पनि म प्रमाणित गर्न सक्ने छैन उहाँसँगको निकटता !

८ असार, २०६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले नयराज पन्तलाई चिनेकै छैन

माधवलाल कर्माचार्य

तर एक दिन अनायास उहाँलाई नै भन्न पुगेछु- 'म त तपाईंलाई चिन्दछु ।'

कुरा यस्तो पऱ्यो- सालमिति थाहा भएन, उहाँ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य छँदाको कुरा हो, कामविशेषले म प्रज्ञाप्रतिष्ठानमा गएको थिएँ, भवनको अघिल्लो खण्डको माथिल्लो तलाको सिँढी उक्ली पनि सक्नु, उहाँ इँजारमा हात हाल्दै उत्तरपट्टिको ढोकाबाट टुप्लुक्क निस्कनुभयो । चार आँखा हुनेबित्तिकै मैले नमस्ते गरिहालें । (उहाँलाई यस कुराको हेक्का छ कि छैन थाहा छैन ।) उहाँ पक्क पर्नुभयो । मैले भनें, 'तपाईं मलाई चिन्नुहुन्न होला, म त तपाईंलाई चिन्दछु ।' उहाँले एकैछिन गढेर हेर्नुभयो, अनि दक्षिणतिरको ढोकाभित्र छिरी पश्चिमतिर लाग्नुभयो ।

वास्तवमा उहाँसँग मेरो व्यक्तिगत परिचय छैन, अवश्य हो । तर म उहाँलाई चिन्दछु, धेरै अगाडिदेखि चिनेको हुँ, शायद ४०/५० वर्षअघिदेखि चिनेको हुँ । एक किसिमले उहाँ हाम्रो टोले हुनुहुन्थ्यो- उहाँ उता वटु सबलबहालनिर बस्ने, म यता केलटोल मच्छिन्द्रबहालतिर बस्ने, अक्सर जम्काभेट, देखादेख भइरहन्थ्यो । म कहिले उहाँलाई मेरो घरतिर टोलबाट हिँडिरहेको देख्थें- डल्लेडल्ले, मोटेमोटो, रातोरातो लबेदा सुरुवालमाथि कालो कोट लगाएको, गोरोगोरो, गम्भीर अनुहार भएको, तीखो आँखे । कहिले महाबौद्धमा वीर अस्पतालनिरबाट चिकँअठतिर लम्किरहेको देख्थें त कहिले चिकँअठतिरबाट वीर अस्पतालतिर हुँदै गइरहेको देख्थें- ढल्कँदै, बिस्तारै, गम्भीर हुँदै, मानो केही सोच्दै । मच्छिन्द्रबहालका गुरुजुहरू उहाँलाई गुरु भन्थे, म पनि मनमनै उहाँलाई गुरु नै भन्थें ।

मच्छिन्द्रबहालका गुरुजुहरूको उहाँसित एउटा खास लगाव भएको परिलक्षित हुन्थ्यो- उनीहरू संस्कृत जान्नुपर्छ, पढ्नुपर्छ भन्थे । टोपी बेच्न बसेका उमेर पुगेका गुरुजुहरू पनि आ-आफ्नो पसलमा बसेर गाहाकी नहुँदा फुर्सदमा कनीकुथी संस्कृत शब्दहरू घोकिरहन्थे । श्रीनाथ आदि उहाँका आफन्तहरू पसलमा आई घण्टौं कुरा गरिरहन्थे, म चाख मानी सुनिरहन्थें ।

मच्छिन्द्रबहालका यी गुरुजुहरू महाबौद्धको पीयूषवर्षी औषधालयका वज्राचार्यहरूका सगोत्री दाजुभाइ हुन् । नेपालको इतिहासका सम्बन्धमा पछि ख्यातनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वेषक-अनुसन्धाता भएर निस्केका धनवज्र-गौतमवज्र वज्राचार्यहरू यिनै वज्राचार्य परिवारका सदस्य हुन् । यिनीहरू उहाँको सक्रियतामा स्थापित तथा सञ्चालित संशोधन-मण्डलसित सम्बन्धित थिए र उनीहरूबाटै छानिएर इतिहास-संशोधन र संस्कृत विद्याको प्रचार-अभियानको भावना छोइने भएर मच्छिन्द्रबहालका गुरुजुहरूसम्म पनि छुन आइपुगेको थियो । यी सबै कुराको महसुस म टेलका गुरुजुहरूका टेपीपसलहरूमा बसिबियाँलो गर्न बस्दा गर्ने गर्थें । यी कुराहरूले नजानिँदो किसिमले, स्पष्ट-अस्पष्ट रूपले, उहाँको चित्र मनमा झुल्काउन ल्याइरहेको अनुभव गर्थें । पछि म सिंहदरबारमा जागिरे भएपछि बेलुका कार्यालयबाट फर्कंदा कहिले नयाँ सडकको ढोकानिर त कहिले इन्द्रचोकमा उभिई कहिले सूर्यविक्रम ज्ञवाली त कहिले डिल्लीरमण रेग्मी, कहिले केशरबहादुर केसी, कहिले भैरवबहादुर प्रधान आदिप्रति तथानाम दुर्वाच्य फलाक्दै भीड जम्मा गरेर इतिहास-संशोधनका पर्चाहरू बेच्न लागेका राजवंशी तथा पौडेलप्रभृतिलाई देख्न थालें । (इतिहास) संशोधन-मण्डलको नामबाट हुने गरेका यस्ता क्रियाकलापबाट जसको निगरानी तथा निर्देशनमा सो संस्थाको सञ्चालन भइरहेको हो त्यसको पहिचान छर्लङ्गिन लागेको अनुभव गर्थें । अनि स्कुले दिनहरूमा त्यो बेला एक मात्र उपलब्ध अम्बिकाप्रसादलिखित नेपालको इतिहास पढी हुर्की-बढेको तथा विदेशी स्रोतबाट उपलब्ध सामग्रीका आधारमा लेखिई प्रकाशित हुन थालेका केही इतिहासका ग्रन्थहरूमा अभिरुचि लिन थालेको ममा कताकति (इतिहास) संशोधन-मण्डलको यो विघ्नको गरिछाडौँ भन्ने ऊर्जाशक्ति काठमाडौँमा केन्द्रित इतिहास र काठमाडौँमा अवस्थित उपलब्ध सामग्रीहरूमा सीमित रहनुको अतिरिक्त बाहिरफेरका घटना-शृङ्खला र त्यहाँ अवस्थित उपलब्ध सामग्रीहरूमा पनि विस्तारित भए इतिहासको अझ सही स्वरूप प्रस्ट हुन आउँथ्यो कि भन्ने भावनामूलक विचार प्रस्फुटित हुन लागेको थियो । यही कुरा जिज्ञासाका रूपमा संशोधन-मण्डलका प्रकाशनहरूको बिक्री-वितरणको सिलसिलामा मकहाँ आउजाउ गर्ने गर्नुभएका उहाँका सुपुत्ररूपी चेलाहरू महेशराज र दिनेशराज पन्तहरूको सामु राख्दा, उहाँहरूलाई सम्झना छ कि छैन थाहा छैन, उहाँहरूले स्पष्ट पार्नुभएको स्थितिबाट संशोधन-मण्डलका प्रणेता, उहाँको व्यवहारकुशलता र उपलब्ध थोरै साधनबाट यथासम्भव धेरै फल प्राप्त गर्ने कुशाग्रबुद्धिको परिचय मिलेजस्तो अनुभव भएको थियो । यस्तैयस्तै कुराकानीको सिलसिलामा एक दिन उहाँहरूले मासिक आम्दानीको कति प्रतिशत तपाईं अध्ययन-सामग्री किन्नमा लगाउने गर्नुहुन्छ भनी गर्नुभएको जिज्ञासाबाट पनि उहाँहरूको अभिभावक तथा गुरुका रूपमा रहनुभएका उहाँको विद्यार्जनसम्बन्धी आर्थिक अनुशासनको स्वरूपको दर्शन मिलेको थियो । यस्ता अध्ययनशील तथा समर्पित विद्वान्हरूलाई, नेपालमा आई अध्ययन-अनुशीलन गर्ने विदेशी विद्वान्हरूलाई उपलब्ध भएसरहको प्रायोजन वा विद्वद्वृत्ति उपलब्ध हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सके राष्ट्रलाई कति लाभ हुँदो हो भन्ने त्यस बेला मनमा लाग्न गएको थियो । नभन्दै २०३६ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा मनोनीत भई उहाँले आफ्नो रुचिको साधनामा तल्लीन हुन पाउने अवसर पाउनुभयो र 'लिच्छवि संवत्को निर्णय' जस्तो खोजपूर्ण ग्रन्थको निर्माण गर्नुभयो जुन अनेक प्रकारले विवादास्पद भएर पनि २०४३ सालतिर मदन पुरस्कारले सम्मानित हुन पुग्यो । सम्भवतः यही ग्रन्थको निर्माणको सन्दर्भमा हो- २०३६ सालको जेठतिर डा. आर.सी. मजुमदारको 'द क्रनोलजी अफ द अर्ली किङ्स अफ नेपाल' शीर्षक १६ पृष्ठको लेख अनुवाद गर्न मेरो समक्ष आएको थियो । विषय मेरो रुचिअनुकूलको नहुनुका साथै यसको अनुवादकार्य सहजसाध्य नभए पनि उहाँको योजना सम्बन्धको भनी बुझिन आएकाले त्यस्तो केकुरा रहेछ भनी जानिहाल्ने उत्सुकता र उत्कण्ठाले तीन महिना लगभग लगाई अनुवाद गरिदिँदा त्यो छोटो लेखमा पं. भगवानलाल इन्द्राजी, सिल्भेन लेभी, डा. आर.सी. पाठक, डा. बसाक, बुहलेर, हयुनसाङ, एल.डी.एस. पिलाईलगायत लगभग आठ जना विदेशी विद्वान् अन्वेषकहरू र तिनीहरूको अन्वेषणको नतिजाको चर्चा देख्दा उहाँको अध्ययनको सीमा बाहिरका विदेशी विद्वान्हरूले गरेको खोजीनितीसम्म पनि पुग्ने गर्दोरहेछ भन्ने लख काट्न पुगेको थिएँ । पछि रेग्मी रिसर्च प्रोजेक्टमा काम गर्दा मलाई उहाँकै संशोधन-मण्डलबाट प्रकाशित तथा सोमा सम्बद्ध विद्वान्हरूबाट तयार पारिएका 'इतिहास-संशोधनको प्रमाण-प्रमेय' र 'पूर्णिमा' तथा 'अभिलेख-सङ्ग्रह' का केहीकेहीको अङ्ग्रेजीमा अनुवाद गर्नुपर्दा त्यसबाट पनि उहाँको इतिहाससम्बन्धी खोज तथा अध्ययनको अन्दाज हुन गएको थियो । यी सबैबाट उहाँको सही इतिहास-लेखनसम्बन्धी क्रियाकलाप र आन्दोलन तथा प्रवृत्ति अनि सो सम्बन्धमा उहाँको काम गर्ने तौरतरिका आदिको केही मात्रामा भए पनि जानकारी हुन आएजस्तो भई उहाँसित घनिष्ठ सम्बन्ध जोडिन गएजस्तो अनुभव भएको थियो । र यसैले पनि हुन सक्छ- मैले उहाँलाई चिनेको छु जस्तो मलाई लागिरहन्थ्यो यद्यपि प्रत्यक्ष रूपमा मैले उहाँलाई चिनेकै छैन । अनि एक दिन अनायास नै नमस्ते गर्दै 'म त तपाईंलाई चिन्दछु' भन्न पुगेछु ।

सिवाकोटीजी ! अरू के लेखूँ ! सन्ताउन्न सालदेखि पत्र लेखी तपाईंले विराटनगरदेखि ताकिता पनि गर्दै आउनुभयो । उहाँसम्बन्धी मैले देखे-बुझे-जानेको कुरा यही नै हो- यही नै उतारेर पठाइदिएको छु । ज्ञानगुनको कुरा भयो कि भएन मलाई थाहा छैन । अझ तपाईंको 'ज्ञानगुनका कुरा' लाई उपयुक्त हुन्छ/हुँदैन त्यो पनि थाहा छैन । जे होस्, काम लाग्ने भए उपयोग गर्नुहोला । किम् अधिकम् !

२०५९ कार्त्तिक १ *बखुण्डोल, ललितपुर*

+ यो लेख पन्तज्यूको निधन हुनुभन्दा अघि लेखिएको हो । -लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नजन्त : फेरि फर्केर हेर्दा

डा. जगदीशचन्द्र रेग्मी

संशोधन-मण्डलजस्तो संस्थामार्फत पं. नयराज पन्तले 'आक्रामक' र 'जुझारु' प्रकारका बौद्धिक कार्यकर्ताहरू तयार पारेर असन-इन्द्रचोक-न्युरोडमा छाडा छाडिदिएपछि चारैतिर हाहाकार मच्चिएको तथ्य सबैतिर व्याप्त थियो । यस्ता तत्त्वहरूसँग प्रश्नोत्तर गर्ने साहस कसैले गर्न सक्दैनथ्यो र यसले गर्दा त्यस्ता आक्रामक तत्त्वको नापतौल गर्ने काम गरेर मुखाले आक्रमणलाई निम्ता दिने साहस कसले गर्न सक्ने ? यसैले गर्दा संशोधन-मण्डल र त्यसका नेताले छाडावादी प्रकारका तथाकथित इतिहास मात्र प्रकाशन गर्न सकेको देखिनु आश्चर्यको विषय नहोला । यस क्रमको आरम्भ हुन अबेरै भए पनि अब शुरू गर्नुपर्ने भएको छ । हुन त यस प्रस्तावित काम गर्न ठूलै जमर्को गर्नुपर्ने हुन्छ तर इतिहास-लेखनका क्षेत्रमा एक उठान होओस् भन्ने आकाङ्क्षाले यस छोटो लेखमा पं. नयराज पन्तको बौद्धिक पक्ष र उहाँको इतिहासप्रस्तुति-विधि तथा उहाँको बौद्धिक उपलब्धिबारे सङ्क्षिप्त समीक्षा गरिन्छ ।

१. आफ्नो ६० वर्षे बौद्धिक सक्रियताको कालमा नजन्तले आफूलाई प्रायः ५० वर्षजति त पृथ्वीनारायण शाहको दिव्य उपदेशमै केन्द्रित पार्नुभएको र त्यसका विविध रूपमा (टीकाटिप्पणी, भाष्य, गद्य-पद्य अनुवाद आदि) को प्रस्तुतिमा ध्यान दिनुभएको पाइन्छ । यही विषयलाई २०१० सालतिरको 'संस्कृत सन्देश' देखि 'पूर्णिमा', 'प्रज्ञा', 'पृथ्वीनारायण शाहको उपदेश' र अन्यत्र पनि दोहोऱ्याई-तेहऱ्याई प्रस्तुत गरेको देख्दा संसारकै इतिहासकारहरूमा उहाँलाई बेजोडको ठाउँ दिनुपर्ने देखिन्छ । इतिहासकारको दायित्व कसैमाथि अन्धभक्ति गरेर आफ्नो अमूल्य क्षमतालाई त्यति लामो समयसम्म सानो घेरामा सीमित गर्ने होइन बरु मनन र मन्थनबाट मानवीय समस्याको जरो पत्ता लगाउने हुनुपर्दछ र त्यस्तो कामको विशाल फाँटको कमी कुनै इतिहासकारलाई कहिल्यै हुँदैन । त्यत्रो क्षमताको विद्वान्ले आँल्याउने गन्तव्य दिव्य उपदेश मात्र हो त ? यसले त पञ्चायतकालमा अगाडि कभरमा त्रिभुवनको फोटो छापेर भित्रपट्टि पञ्चे सरकारको खोइरो खन्ने जुक्तिसँग साम्य राख्दैन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. आफ्नो जीवनका अमूल्य सक्रिय जीवनलाई शाह र राणाशासकहरूकै भक्तिमा पन्तज्यूले समाप्त पार्नुभएको तथ्यले उहाँलाई इतिहासकारको मध्यस्थता (Neutrality) को दायित्वबाट पर राखेको बुझिन्छ । हुँदाहुँदा उहाँले राणाभक्तिमा एउटा नारा (Slogan) नै प्रतिपादन (Invention) गर्नुभयो- भीमसेन थापाभन्दा जङ्गबहादुर ज्यादै राम्रा हुन् किनभने उनीले गुमेका 'नत्रा मुलुक' फिर्ता ल्याए । यो त व्यापारीले गर्ने तर्क हो, करिब दुई शताब्दीपछि भीमसेन थापाको तेजोवध गर्न चालिएको यो कदमले भीमसेन थापाले गरेका सम्पूर्ण व्यवस्थापकीय दक्षतालाई ठाडै नकार्नु पनि हो भन्ने बुझ्न् गाह्रो पर्दैन । 'नत्रा मुलुक' फिर्ता गरेर जङ्गबहादुर बहादुर र 'हिरो' भएको मान्ने हो भने उनले शाहवंशमाथि गरेको 'मानमर्दन', उनका व्यभिचार र अत्याचारका कुरा पनि त्यसै बहादुरीमा मिसाएर इतिहासकारले स्याबासी दिनुपर्‍यो कि ?

यति मात्र हैन, जङ्गबहादुरले राजाकै आज्ञाबाट आफ्नो जात उठाएर राजवंशसँग बिहेबारीको जुन आन्दोलन चलाएका थिए त्यही आदर्श धेरैपछिसम्म कायम रहेर वंश नै खिइने गरी नजिकनजिकमा विवाहको नाता जोड्दा जति किसिमका परिणाम निस्किए तिनको लेखाजोखा पछिका इतिहासकारले अवश्य गर्नेछन् ।

जमिन थप्नु नै पुरुषार्थ मान्ने हो भने त्यस्ता वकिललाई साम्राज्यवादी इतिहासकार भन्ने हो कि ? र त्यस्तो वकालतका लागि बारम्बार उही कुरा दोहोऱ्याउने हो भने त्यस्तालाई 'सरकारी इतिहासकार' को पदवी प्रदान गर्नुपर्ला कि ? त्यस्तै पदवीलाई सुहाउने उदाहरण पं. पन्तज्यूका अनेक शिष्यहरूले प्रदर्शन गरेकै छन् । विक्रमसंवत्को अन्धसमर्थन गरेर 'पूर्णिमा' मा विशेष लेख छापिनु र महेशराज पन्तको 'नेपालसंवत्को अनौचित्य' भन्ने पुस्तिकासमेतबाट सरकारी इतिहासकार हुनाको पुष्टि हुन जाँदैन ? साथै जनजातिहरूको दुखेको मर्म नबुझेरै 'ब्राह्मणवाद' का विरोधीहरूलाई जवाफ दिन 'मल्लकालमा ब्राह्मण' भन्ने शीर्षकमा 'पूर्णिमा' का कतिपय अङ्कमा ऐतिहासिक सामग्रीहरूको खुरुखुरु प्रकाशन गरियो (तिनलाई कतिले बुझे कुन्नि ?) ।

३. अष्टाध्यायीको नित्य पाठ गर्ने गुरुले 'डुकृञ् करणे' सूत्र धेरै उधिनुभयो (तर शङ्कराचार्यको कथा सुन्ने उहाँलाई फुर्सदै भएन जस्तो छ) र वैयाकरणहरूमाझ प्रसिद्ध 'अर्धमात्रालाघवेन पुत्रोत्सवम्मन्यन्ते वैयाकरणाः' भन्ने वचनलाई जीवनमा चरितार्थ गर्नुभएको पाइएन (सन्दर्भ : एक लेखमा भन्न सकिने कुरालाई लिच्छवि संवत्को निष्कर्षको ठेली ग्रन्थ) ।

४. सीधासादा पं. नयराज गुरुले 'पूर्णिमा' को २५ औँ अङ्कमा रणोद्दीपबारे एउटा लामो लेख लेख्नुभएको छ जसमा उहाँले 'वेदान्ती', 'धार्मिक' र 'सीधा सरल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वभावका' रणोद्दीपको पनि हत्या भयो भनेर लेख्नुभएको छ तर रणोद्दीपको धुर्त्याइँबारे खास कुरा लुकाएर आफ्ना निरीह पाठक (मजस्तो) लाई राम्ररी अलमल्याउनुभएको पाइन्छ । 'भ्रातृभक्त' (जङ्गभक्त) भनिएका रणोद्दीपले भतिजा जगत्जङ्गले पाउनुपर्ने श्री ३ महाराजको पदवी र खान्की आफैंले अँठ्याएर लिएको र जङ्गसन्ततिलाई नाङ्गेझार पार्ने र उनीहरूसँगै आफू पनि बलिको बोको बन्न गएको परिणामबारे नजन्तले दृष्टि नै दिनुभएन । श्री ३ महाराजसम्बन्धी केही प्रमाण तल प्रस्तुत छन् ।

प्रमोदशमशेर राणाले लेख्नुभएको छ :

'श्री ३ जङ्गबहादुरले आफ्नो शेषपछि प्रधानमन्त्रीपद भाइहरूमा जाने र भाइहरूपछि आफ्ना छोरा-नातिहरूको पालो आउने गरी रोल बाँधेका थिए । संवत् १९१३ श्रावण सुदी ६ मा उनले श्री ५ महाराजाधिराजबाट पाएको पञ्जापत्रबाट श्री ३ महाराजको पदचाहिँ उनकै सन्तान-दरसन्तानमा जाने मनसाय स्पष्ट देखिन्छ ।'[१]

जङ्गबहादुरको हजुरिया जर्नेल भतिजा अम्बरजङ्गले जङ्गबहादुरको मृत्युको सूचना रिसल्लाद्वारा काठमाडौँमा 'मुख्तियार' रणोद्दीपसिंहकहाँ पठायो । सो सूचना पाएपछि जङ्गबहादुरको मृत्युको सूचना आफ्ना भाइहरू खास गरी धीरशमशेरलाई मात्र बताएको, जङ्गबहादुरका छोराहरूलाई नबताएको र सिकिस्त बिरामी मात्र भनेर श्री ५ युवराज त्रैलोक्यविक्रम र जगत्जङ्गहरूलाई मधेशतर्फ पठाएर काँडा पन्छाएर रणोद्दीपले श्री ५ लाई अँठ्याउने योजना तयार पारे । सो योजनानुसार उनले डबल पद हड्पिन सफलता प्राप्त गरेका थिए । सजिलोका लागि यहाँ पनि माथि उद्धृत प्रमोदशमशेरको लेखबाट उद्धरण गरिन्छ :

'यता काठमाडौँमा सम्पूर्ण फौजलाई सामेल गराई आफ्नो नारायणहिटी (दरबार) वरिपरि घेरा हाल्न लगाएर आफू सजधजसँग राजदरबारमा उपस्थित भई श्री ५ सुरेन्द्रलाई दाम राखी २७ फरवरी १८७७ को दिन श्री ३ महाराज र प्रधानमन्त्रीसमेत दिइएको पञ्जापत्र प्राप्त गर्न सफल भए ।

'उता पहिलो बास चित्लाङमा बसेका युवराजसमेतलाई धीरशमशेरले जङ्गबहादुरको देहावसान भएको र रणोद्दीप श्री ३ भएको खबर सुनाए । यस्तो जालझेल भएको बुझी युवराज धीरशमशेरसँग साहै रिसाएर त्यहाँबाट लगत्तै काठमाडौँ फर्के ।'

---

१ प्रमोदशमशेर राणा, 'हुतीहारा महाराजको निर्मम हत्या', 'जनआस्था', असार २७ गते बुधबार वि.सं. २०५८, पृ ३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि.सं. १९१३ मा श्री ५ सुरेन्द्रविक्रम शाहबाट गरिदिएको लालमोहरमा जङ्गबहादुर राणालाई श्री ३ महाराजको पदवी दिएको विवरणमा सो पदवी जङ्गबहादुरका छोराहरूमा जानेबारे यस्तो वक्तव्य लेखिएको पाइन्छ :

'कास्की १ लम्जुङ १ को श्री महाराजको खिताब तिमीलाई बक्स्यौं... त्यस जगाको श्री महाराज भई... तिमीले आफ्ना राज्यको खूश गर्नू... तिम्रा सन्तान दर सन्तानसम्म रजाईको भोग गर... ।'[२]

उपर्युक्त उद्धरणमा स्पष्टसँग कास्की र लमजुङ राज्यका महाराजको पदवी र खान्की जङ्गबहादुरका सन्तान-दरसन्तानसम्म मात्रै सीमित गरिएको स्पष्ट हुन्छ । सोही लालमोहरमा 'मुख्तियारी' को रोलमा धीरशमशेर राणापछि जगत्जङ्ग राणालाई राखिएको पनि स्पष्ट उल्लेख गरिएको छ ।

एक धूर्त वेदान्ती आफू पनि डुब्छ र जजमानलाई पनि डुबाउँछ[३] तथा नजन्तजस्ता (दिवङ्गत नजन्तसँग क्षमाप्रार्थनासाथ) इतिहासको भित्री मर्म बुझ्ने प्रयास नगर्ने सीधासादा इतिहासकारलाई पनि आफ्नो वेदान्तीपनले अलमल्याउने गर्दछ ।

---

२ 'प्राचीन नेपाल', संख्या २७, वि.सं. २०३१ मा 'नेपाल देशको इतिहास' मा पृ. ८ मा उद्धृत ।

३ यो राणाकालको 'इतिहास' लेख्दा 'फरियावाद'को चर्चा धेरै पल्ट आउँछ । १९४२ को काण्डताका यस्तै फरियावादबारे इतिहासकारहरूले चर्चा गरेका छन् । (प्रमोद शमसेर, त्रिरत्न मानन्धर) रणोद्दीप नपुसंक थिए, उनका पत्नीहरूको चरित्रमा शंका उठाइएको र जगत्जङ्ग र वीर शमशेर यस्तै 'वाद' तिर लागेको कुरा त श्री नजन्त गुरुले लेख्ने हिम्मतै गर्नु भएन कि, अनुमानै थिएन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्गीय पन्तज्यूमा श्रद्धाञ्जलि

बालकृष्ण पोखरेल

नेपालका एक वरद सन्तान हुनुहुन्थ्यो नयराज पन्तज्यू । उमेर, अभिरुचि, स्वभाव र दैनिकीका दृष्टिले भिन्न स्वर्गीय नयराज पन्तज्यूसँगै पाँच वर्ष प्रज्ञाप्रतिष्ठानका परिषद्-सदस्य भएर पनि हामी एकअर्काका लगाँटिया यार भएनौँ । तैपनि मैले आफूलाई धन्य ठानेको छु लगातार पाँच वर्षसम्म दिनहुँ भनेझैँ एउटै भवन, एउटै तलामा र एउटै भरेङमार्फत उहाँको सान्निध्यको अनुभव गर्न पाउँदा ।

हिँडडुल र उठबसमा समेत गणितबद्ध भएझैँ लाग्दथ्यो उहाँको जीवन । गणनाविद्हरू आफ्नो गणितीयतालाई लक्ष्मीको प्रसाद गन्ने कार्यमा सदुपयोग गर्छन् र धनकुवेर बन्न पुग्छन्, तर स्वर्गीय नयराज गुरुले भने आफ्नो गणितीय ज्ञानागारलाई सरस्वतीको प्रसाद गन्ने कार्यमा इस्तेमाल गर्नुभयो र फलस्वरूप हामीले पायौँ लिच्छवि संवत्को कालनिरूपण । प्रज्ञाप्रतिष्ठानका निवर्तमान उपकुलपति मदनमणि दीक्षितका मतमा पन्त गुरुको लिच्छवि संवत्को कालनिरूपण एक्लैले मात्रै पनि उहाँलाई अभिचिन्तनको अन्तर्राष्ट्रिय स्तरको चुचुरोमा पुऱ्याइदिएको छ । त्यस्ता महान् अन्तर्राष्ट्रिय पुरुष स्वर्गीय नयराज गुरुका बारेमा श्रद्धाञ्जलिस्वरूप केही भन्ने सुअवसर प्रदान गर्नुभएकोमा रजिस्ट्रार श्रीशेषराज सिवाकोटीलाई म धन्यवाद ज्ञापित गर्दछु ।

लक्ष्मीपूजा हामी नेपालीहरूका लागि एउटा रमाइलो चाड ठहरिन्छ । अतीतमा यस चाडले हामीलाई महाकवि देवकोटाझैँ अमर स्रष्टा दिएर ठूलो गुन लगाएको थियो । तर गत वर्षको लक्ष्मीपूजा भने अलिक निठुरी ठहरियो हाम्रा लागि, किनभने त्यसै दिन गुरु नयराजको पार्थिव शरीरलाई हामीले गुमायौँ । तर पार्थिव शरीर गुमे पनि गुरुको दिव्य शरीर भने सदैव हाम्रा हृदयमाझ अङ्कित रहिरहोस् भनी मारातिकानिवासी हलेसी महादेवसित मेरो प्रार्थना छ । अस्तु ! जय अमर आत्मा नयराज गुरु !

तीनटोलिया, विराटनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको इतिहासमा अतिक्रमण गर्ने भारतीय पुराविद्हरूलाई एक्लो नेपाली पं. नयराज पन्तले परास्त गर्छन्

देविचन्द्र श्रेष्ठ

नेदं स्वान्त सुखार्थिना न विषय व्यापार मुद्धात्मना
मित्र क्षोणि धनार्थिना न च मया नात्मप्रतिष्ठार्थिना ।
अत्यर्थं परनिन्दनं प्रतिदिनं सोध्वा परिश्राम्यते
विद्या पूर्वजसञ्चिता जनहितं कर्तुं प्रभूयादिति ।।

- नयराज पन्त

नेपालको इतिहासमा शोधकार्य गर्ने हाम्रा अग्रजहरूमा सबैभन्दा बढी पारदर्शी हुन् नयराज पन्त । उनका लेखा अन्य इतिहासविद्हरू केवल समाजमा लोभ संवरण गरेर लामो हात पार्ने बाउन्नेजस्ता देखा पर्छन् :

प्रांशुलभ्ये फले लोभाद् उद्वाहुरिव वामनः ।

- कालिदास

नेपालको प्राचीन इतिहासमा वैज्ञानिक ढङ्गले खोज गर्ने अगुवा हुन् भारतका गुजराती पण्डित भगवानलाल इन्द्राजी । उनले यहाँ लिच्छविकालका १५ ओटा अभिलेखहरूको उतार भारतमा लगेर इ. १८८० (सं. १९३७) मा प्रकाशित गराएका थिए । साथै, तिनको ऐतिहासिक व्याख्यासमेत गरी भारतमा नेपालको इतिहाससम्बन्धी चर्चाको थालनी गरिदिए । यसरी नेपालको ऐतिहासिक चर्चा गर्ने क्रममा उनले पाएका लिच्छविकालका अभिलेखमा दुई थरी संवत्हरू देखिन्छन् । राजा मानदेवदेखि शिवदेव (प्रथम) सम्मका अभिलेखहरूमा एक किसिमका संवत् छन् भने अंशुवमदेखि जयदेव (द्वितीय) सम्मका अभिलेखहरूमा अर्को किसिमका संवत् देखा पर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै दुई थरी संवत्को कालनिर्णय गर्ने कुरामा स्वयं भगवानलाल र उनीपछिका भारतीय इतिहासविद्हरूले आफ्ना मथिङ्गल तातेका अनेक मतमतान्तर निकालेर नेपालको राजनीतिक इतिहासलाई एउटा अन्योलको भुँड्कामा परिणत गरिराखेका थिए । तिनीहरू एकएकलाई केलाएर नेपालको आफ्नै ज्यौतिषगणनाका कसीमा घोट्दै तिनलाई खोटा साबित गरेर नयराज पन्तले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्राज्ञको हैसियतमा 'लिच्छवि संवत्को निर्णय' ग्रन्थ तयार गरी नेपाली समाजलाई दिए । यस शोधग्रन्थले नेपालमा पाएको सुन्दर स्वरूप र पुरस्कृत भएको (मदन पुरस्कार, २०४३) घटनाले नेपालको समग्र इतिहास-अध्ययनमा नै विशेष महत्त्व राख्दछ ।

इतिहासमा काल-निर्क्योलका लागि ज्यौतिष-गणना गर्दा कुनै सकल-हुकल अभीष्ट वर्षको गणना मिल्दैमा त्यसलाई नै कालमापक भन्ठान्न नहुने, त्यो ऐतिहासिक पूर्वापरद्वारा पनि समर्थित हुनुपर्ने विशुद्ध सन्देश नै उपर्युक्त शोधग्रन्थ 'लिच्छवि संवत्को निर्णय' ले हामीलाई दिन्छ । यसरी, पछिल्लो कुराको ऐतिहासिक पुष्टि गर्न नेपालका सन्दर्भमा विगत सय वर्षदेखि भारतीय इतिहासविद्हरू सक्षम देखा परेका छैनन् । अब, उनीहरूले नेपालकै परम्परामा भिजेर मात्र नेपालको इतिहास पढ्न सक्तछन् ।

यसै मान्यताका निर्णायक हुन् नयराज पन्त । अनि, संशोधन-मण्डलको संस्थापकीय गरिमाले अत्यन्त उच्च स्थानमा आसीन भएर यही २०५९ साल कार्तिक १८ गते आफ्नो नश्वर शरीर त्यागेका उनै नेपाली महामना नयराज पन्तको स्मरणमा यहाँ दुई-चार शब्द लेख्नु मेरो एउटा श्रद्धासुमन मात्र हो भन्ठानेको छु ।

अब, प्रस्तुत लेखको प्राकृत विषयमा फर्कौं । भगवानलाल इन्द्राजी भारतीय अभिलेखका ज्ञाता हुनाले नेपालमा प्राप्त लिच्छवि अभिलेखहरूमा लिपि-परीक्षण गर्न सक्षम थिए । यहाँ मानदेवका अभिलेखको लिपि भारतको स्कन्दगुप्तकालिक अक्षरसित मेल खाने देखेर उनले नेपालका राजा मानदेवलाई भारतीय गुप्तसम्राट् स्कन्दगुप्तको समकालिक मानेर नेपालको लिच्छवि अभिलेखमा अङ्कित संवत्को समय निर्धारण गर्ने काम गरे । यसका निमित्त उनले स्कन्दगुप्तको गुप्तसंवत् १४१ को अभिलेखका आधारमा त्यतिखेर वि.सं. २४७ देखि गुप्त संवत्को उत्थान भएको मान्दा त्यसको समय वि.सं. (१४१+२४७) ३८८ हुन्छ । मानदेवको चाँगुनारायणको अभिलेखमा संवत् ३८६ अङ्कित छ । त्यसैले, यसलाई विक्रमसंवत् भनेर भगवानलालले आफ्नो मत अघि सारेका छन् । नेपालका राजा मानदेवलाई भारतमा गुप्तसाम्राज्यकालमा स्कन्दगुप्तको समकालिक सिद्ध गर्न मानदेवले प्रयोग गरेको संवत्का बारेमा उनी गलत कल्पना गर्न पुग्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतीय इतिहासमा अब वि.सं. ३७६ देखि गुप्तसंवत्को उत्थान भएको कुरा निश्चित गरिएको छ। तदनुसार स्कन्दगुप्तको गुप्त सं. १४१ को समय वि.सं. (१४१+३७६) ५१७ हुन्छ। नेपालमा मानदेवको अभिलेखमा अङ्कित संवत् ३८६ शकसंवत् हुनाले त्यसबाट प्रचलित फरक १३५ वर्षकै आधारमा वि.सं. (३८६+१३५) ५२१ सिद्ध छ। यसरी नेपालको गणना-पद्धतिबाट पनि राजा मानदेव भारतमा स्कन्दगुप्तको समकालिक हुने कुरा स्थापित हुन्छ। यहाँनिर, भगवानलालको काल्पनिक मत भारतमै गलत साबित भयो र नेपालका सन्दर्भमा मानदेवको अभिलेखमा उनीद्वारा कल्पित विक्रमसंवत् पनि स्वतः गलत हुन पुगेको छ।

यसरी नेपालमा मानदेवदेखि शिवदेव (प्र.) सम्मका अभिलेखहरूमा देखिने संवत्लाई पं. भगवानलालले विक्रमसंवत् भनेर आफ्नो (गलत) मत राखेका छन् भने शिवदेव (प्र.) का समकालिक अंशुवर्मादेखि द्वितीय जयदेवसम्मको अभिलेखमा देखिने अर्को थरीको संवत् २९ देखि सं. १५७ (त्यतिखेर भगवानलालले सं. १५३ पढेको) लाई वि.सं. ६६३ देखि उठेको हर्षसंवत् भनेर आफ्नो मत व्यक्त गरेका छन्।

अब, हाम्रो लिच्छविकालमा प्रचलित दोस्रो संवत्को पद्धतिलाई भगवानलालले 'हर्षसंवत्' भन्नुको तर्क पनि हेरौँ। यो दोस्रो थरीको संवत् प्रयोग गर्ने अंशुवर्मा भारतमा चिनियाँ यात्री हुयेन साङको यात्राकै समयमा जीवित रहेको कुरा उनकै यात्रावृत्तबाट थाहा पाइन्छ। ठीक यसै समयमा भारतमा हर्षवर्द्धनको साम्राज्य विस्तार भइराखेको थियो।

भारतको इतिहासमा मध्यकालका मुसलमान यात्री अब बिरुनीले भारतमा वि.सं. ६६३ देखि 'हर्षसंवत्' चलेको कुरा लेखेका छन्। अंशुवर्मा पनि सम्राट् हर्षको समकालिक हुनाले उनैको प्रभावमा 'हर्षसंवत्' लाई नेपालमा नयाँ संवत्का रूपमा अंशुवर्माले ग्रहण गरेको भनेर भगवानलालले आफ्नो अभिमत राखेका छन्। तर, उनको यस मतलाई उस बखत अधिमास परेका संवत् ३१, ३४ मा सो अधिमासको गणनाद्वारा परीक्षा गर्दा संवत् ३१ को अधिमास मिल्न आएको तर संवत् ३४ मा भने सो अधिमास मिल्न आएन। यसबाट यो संवत् भगवानलालले भनेअनुसार 'हर्षसंवत्' होइन भन्ने सिद्ध हुन्छ।

भगवानलालपछि नेपालको इतिहासमा काम गर्न भारतीय इतिहासविद्हरू धेरै जना अघि सरेका छन्। तिनीहरू अभ्यन्तरमा एउटा कुराको सधैँ पूर्वाग्रह लिएर बसेका पाइन्छन्। त्यो हो जसरी भए पनि नेपाललाई भारतीय साम्राज्यअन्तर्गत देखाउने वर्तमानको राजनीतिक कपटी चाल। उनीहरूको यस्तो चालमा भरथेग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नलाई ब्रिटिस साम्राज्यअन्तर्गत काम गर्ने अङ्ग्रेज पुराविद्को अज्ञानले पनि मदत गरेको छ । यसको उदाहरणमा जे.एफ. फ्लीट (John Faithful Fleet) लाई देखाउन सकिन्छ ।

भगवानलालले गुप्तसंवत्लाई वि.सं. २४७ देखि उत्थान भएको ठानेर नेपालमा पूर्वलिच्छविकालमा प्रचलित संवत्लाई 'विक्रमसंवत्' निर्णय गरेको कुरा माथि चर्चा भइसकेको छ । तर, त्यो सर्वथा अशुद्ध थियो । वास्तवमा वि.सं. ३७६ देखि भारतमा गुप्तसंवत्को उत्थान भएको रहेछ । त्यसैलाई आधार मानेर फ्लीट महाशय त यहाँ पूर्वलिच्छविकालमा प्रयुक्त संवत्लाई 'गुप्तसंवत्' नै ठोकुवा गर्न पुग्छन् । उनका लेखा नेपालमा मानदेवदेखि शिवदेव (प्र.) सम्मका अभिलेखमा देखिने संवत् ३८६-५२० गुप्तसंवत् ठहर भए । अनि अंशुवर्मादेखि यहाँ प्रचलित नयाँ संवत्लाई भगवानलालकै अनुसरण गरी 'हर्षसंवत्' भन्न पनि हिचकिचाएनन् ।

यसउपरान्त नेपालको इतिहासमा भारतीय इतिहासविद्हरूद्वारा भाँडभैलो गर्ने काम शुरू भयो । त्यसमा राधागोविन्द वासक अग्रपङ्क्तिमा देखा पर्दछन् । उनले यहाँ मानदेवहरूले प्रयोग गरेको संवत्लाई विक्रमसंवत् नै भनेका छन् । तर, लिच्छविकालमै शिवदेव (प्र.) को अभिलेखमा देखिने संवत् ५२० लाई ३२० पढेर (शतस्थानी अङ्क ५ लाई ३ भनेर गलत पाठ पढ्दा) त्यसलाई 'गुप्तसंवत्' नै सकार्दछन् । अनि, अंशुवर्मादेखि प्रयुक्त नयाँ संवत्लाई 'हर्षसंवत्' ठहर गर्दछन् ।

राधागोविन्द वासकको उपर्युक्त मतको परीक्षा रमेशचन्द्र मजुमदारले गरेका छन् । यिनी भारतका बङ्गाली इतिहासकार हुनाले नेपाललाई बढ्ता नजिकबाट बुझ्ने कोशिश गर्दछन् । यतिन्जेल नेपालीहरू पनि आफ्नो इतिहास बुझ्न स्वयं अघि सर्ने भएका छन् । नेपालका इतिहास-अध्येताहरूले, यहाँ लिच्छविकालमा प्रचलित पुरानो संवत्लाई शकसंवत् मानेको देखेर उ ी पनि यसलाई शकसंवत् त मान्छन्, तर अंशुवर्मादेखि प्रयुक्त नयाँ संवत्को हकमा भने अर्को अडकलबाजी मत निकाल्दै यसलाई वि.सं. ६३५ देखि उठेको 'सङ्क्षिप्त शकसंवत्' ठोकुवा गर्दछन् ।

अब, नेपालको इतिहासमा फ्रान्सेली विद्वान् सिल्भाँ लेभीको नाम चर्चित हुन थालेको देखेर भारतका अर्का इतिहासकार के.जी. शङ्कर उनको खण्डन गर्न अघि सर्दछन् । यसो गर्दा उनी पूर्वलिच्छविकालमा मानदेवहरूले प्रयोग गरेको संवत्लाई वि.सं. ९१ देखि उठेको संवत् भनेर आफ्नो मत राख्छन् भने अंशुवर्माले प्रयोग गरेको नयाँ संवत्लाई भारतका प्रसिद्ध राजा यशोधर्माले वि.सं. ५९५ देखि चलाएको संवत् भनेर कल्पना गर्छन् । यति मात्र होइन, अंशुवर्मा नै नेपालमा आफ्नो प्रतिनिधि गरेर यशोधर्माले पठाएको राजपुरुषका रूपमा स्वीकार गर्छन् । अनि, भारतमा यशोधर्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्यु भएपछि उनैको नामको संवत् चलाई अंशुवर्मा आफैँ नेपालमा हर्ताकर्ता बनेको भनेर लेख्न शरम मान्दैनन् । यसका लागि उनले ज्यौतिष-गणना पनि गरेर देखाएका छन् । उनको गणनाले पनि लिच्छविकालमा देखिने कुनै अधिमासको गणना मिल्ने कुनै नमिल्ने भएर प्रमाणसिद्ध हुँदैन ।

यसै गरी काशीप्रसाद जायसवाल पनि नेपालको इतिहासमा काल-गणना गर्ने अर्का भारतीय इतिहासकार देखा पर्छन् । उनको 'क्रनोलजी एन्ड हिस्ट्री अफ नेपाल' भारतको पटनाबाट इ. १९३७ मा प्रकाशित भएको हो । त्यसमा उनले नेपालमा पूर्वलिच्छविकालमा मानदेवदेखि देखिने संवत्लाई 'गुप्तसंवत्' भनेर मानेका छन् भने अंशुवर्मादेखि चलेको संवत्लाई लेभीको अनुसरण गर्दै वि.सं. ६५२ देखि उठेको ठकुरी संवत् भनेर सकारेका छन् । लेभी यसलाई 'भोटे संवत्' भन्दछन् भने जायसवाल 'ठकुरी संवत्' । फरक यत्ति हो ।

भारतीय इतिहासविद् के.पी. जायसवालको सम्पर्क नेपालका राजगुरु हेमराज शर्मासित पनि थियो । हेमराजले नेपालमा अंशुवर्माले चलाएको नयाँ संवत् वि.सं. ६३३ देखि उठेको हो भनी सूचित गर्दागर्दै पनि उनी यसलाई मान्न तयार भएनन् । त्यति मात्र होइन, शिवदेव (प्र.) को अभिलेखमा देखिने संवत् ५२० लाई उनी पनि ३२० भनी पढेर उही 'गुप्तसंवत्' भनेर सकार्दछन् । त्यस्तै वसन्तदेवको निश्चित संवत् ४३५ को अभिलेखलाई पनि संवत् ४१५ पढेर यसलाई गुप्तसंवत् भनी इतिहासलाई तोडमोड गर्दछन् । यसो गर्दा उनको पनि खास अभिप्राय प्राचीन नेपाललाई भारतीय साम्राज्यको अङ्ग सिद्ध गर्नु नै थियो भन्ने बुझिन्छ ।

यसरी, भारतीय पुराविद्हरूले हिलो छ्यापेर गन्जागोलको भुँड्को बनाइराखेको नेपालको इतिहासलाई नेपालकै आफ्नो परम्परामा आधारित ज्यौतिषग्रन्थलाई यथार्थमा बुझेर प्रयोग-परीक्षणद्वारा सिद्ध गर्ने हाम्रा मूर्धन्य पुराविद् हुन् नयराज पन्त ।

नेपालमा नै उपलब्ध 'सुमतितन्त्र' ज्यौतिषग्रन्थलाई उनले अत्यन्त परिश्रमपूर्वक अध्ययन गरी नेपालको प्राचीन इतिहास लिच्छविकालमा-

- पहिले, प्रचलित संवत् 'शकसंवत्' हो जुन वि.सं. १३५ देखि उत्थान हुन्छ, र
- पछि, अंशुवर्मादेखि थालनी भएको नयाँ संवत् वि.सं. ६३३ देखि नेपालमै उत्थान भएको संवत् हो जसलाई 'मानदेवसंवत्' पनि भन्दछन् भनी प्रस्ट पारे ।

'सुमतितन्त्र' को उपर्युक्त गणनापद्धतिअनुसार लिच्छविकालमा प्रचलित सबै संवत्हरूको गणना गर्दा ठीकठीक मिल्छ भनेर प्रयोग-परीक्षणसिद्ध गरी इतिहासमा काल-निर्णय गर्ने अत्यन्त गहकिलो कार्यमा पं. नयराज पन्तले नेपाली प्रतिभाकै परिचय संसारलाई दिएका छन् भन्दा किमार्थ अत्युक्ति हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालका पूर्वजहरूले स्थापना गरेको ज्यौतिषविधामा चिन्तन-मनन गरी त्यसकै परिशीलनद्वारा हाम्रो इतिहासका क्षेत्रमा निहित स्वार्थान्ध भारतीय इतिहासविद्हरूद्वारा प्रायोजित जालहरू धैर्य र संयमपूर्वक पन्छाउँदै अति शिष्ट ढङ्गले नेपाली इतिहासको बाटो साफ गरेर राष्ट्रिय-अन्तर्राष्ट्रिय तहमा देखाइदिने हाम्रा इतिहासमनीषी नयराज पन्तका अगाडि नेपालीहरूको यो सिङ्गो पुस्ता नतमस्तक हुनुपर्छ जसको जीवन अन्तिम क्षणसम्म नै यही चरितार्थ भएर बित्यो–

विद्या पूर्वजसञ्चिता जनहितं कर्तुं प्रभूयादिति ।

सन्दर्भग्रन्थ :

'लिच्छवि संवत्को निर्णय,' काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४३ ।

२०४९ फागुन ७

२-७०, १९८ किंडोल, स्वयम्भू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu